## पूर्ण इजलास

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६६-NF-०००२, सशर्त हालैको बकसपत्र लिखत दर्ता बदर, *गणेशप्रसाद दाहाल वि. गजेन्द्रकुमार भन्ने परशुराम दाहाल*

कारणीहरू बीच मौकामा जे व्यवहार गरिएको हो र लिखतमा जे व्यहोरा लेखिएको हो, सो लिखत हेर्दा लिखतबाट जे व्यहोरा देखिन्छ वा जस्तो व्यवहार भएको देखिन्छ अदालतबाट सो लिखतबाट देखिएको व्यहोरा वा भएको व्यवहारको घोषणासम्म गरिदिने हो । प्रस्तुत मुद्दामा वादीले उल्लेख गरेझैं घरसारको कागजमा उल्लेख गरेको शर्त उक्त पारीत बकसपत्रको लिखतमा उल्लेख भएको नदेखिएको अवस्थामा अहिले आएर अदालतले बिनाआधार र कारण वादी दावीबमोजिम सो शर्त पालना नगरेको भनी बोल्न मिल्ने अवस्था नदेखिने ।

वादी गणेशप्रसाद दाहालले पुनरावलोकनको निवेदनमा आफू बुढेसकालमा आएर जग्गाविहीन अवस्थामा रहेको भनी लिएको जिकीरको सम्बन्धमा विचार गर्दा मिति २०४३।१।१८ मा परशुराम दाहाललाई घुन्साफेदी घरबारी जग्गामध्ये आधा जग्गा हालैको बकसपत्र गरिदिएपछि अंशस्वरूप पाएको उक्त जग्गामध्ये आधा जग्गा निजको नाममा बाँकी नै रहेको देखिन्छ । मिति २०५०।८।११ मा भएको सर्वे नापीमा निज परशुरामले सो बकसपत्रकको लिखतको आधारमा घुन्साफेदी घरबारीको पूरै जग्गा आफ्नो नाउँमा दर्ता गराई लिएकोमा त्यसउपर यिनै वादी र प्रतिवादीबीच मुद्दा परी कारवाही चल्दै जाँदा सो आधाभन्दा बढी जग्गाको प्रतिवादीले गराएको दर्ता बदर हुने ठहरी यस अदालतसमेतबाट २०६५ सालको दे.पु.नं. ३२८ को नापी दर्ता बदर मुद्दामा मिति २०६६।३।२९ मा फैसला भएको देखिएको र सो मुद्दामा भएको फैसलाअनुसार उक्त आधा जग्गा यी वादीको नाउँमा दर्ता कायम हुने गरी फैसला भैसकेको देखिँदा निजले जिकीर लिएबमोजिम निज जग्गाविहीन अवस्थामा रहेको भन्ने नदेखिँदा वादी दावीबमोजिम लिखत बदर हुने ठहऱ्याएको शुरू दोलखा जिल्ला अदालतको फैसला उल्टी गरी वादी दावी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला सदर हुने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल माघ २५ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** फौ.पु.नं. ०६७-CR-०४८३, हातहतियार, खरखजाना, *नेपाल सरकार वि. तिलक शाही*

प्रतिवादी तिलक शाहीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा बरामद भएको बन्दुक मेरो होइन, मुगु जिल्ला फोतु गा.वि.स. नेहरे गाऊँ बस्ने शाही ठकुरी थर भएको मानिसको हो भनी बयान गरेको देखिन्छ । सोहीबमोजिम जिल्ला प्रशासन कार्यालय, हुम्लामा प्रतिवादी मानबहादुर शाहीले गरेको बयानमा उक्त भरूवा बन्दुक मेरो हो, मेरा बाबु वीरबहादुर शाहीका नाममा जुम्ला गौंडामा दर्ता भएको सो बन्दुक पिताको मृत्युपछि रिन्यू गर्न छूट भएका हो, गस्ती टोलीले बरामद गर्दा तिलक शाहीले आफ्नो हो भनी भनिदिएछन् भनी बयान गरेको र बन्दुक आफ्नो हो भनी स्वीकार गर्ने प्रतिवादी मानबहादुर शाहीले शुरू तथा पुनरावेदन अदालतको फैसलाउपर पुनरावेदन नगरी फैसला स्वीकार गरी बसेको समेत देखिन आएको अवस्थामा यी प्रतिवादी तिलक शाहीलाई अभियोग माग दावीबाट सफाइ दिने ठहऱ्याएको

शुरू जिल्ला प्रशासन कार्यालय, हुम्लाको निर्णय सदर गरेको पुनरावेदन अदालत, जुम्लाको फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः शारदा तिमल्सेना
इति संवत् २०६९ साल फागुन २८ गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** दे.पु.नं. ०६७-CI-११४७, मोही लगत कट्टा, *रामकुमार महतो वि. श्रीप्रसाद मेहता*

कि.नं. ६८ को जग्गाको फिल्डबुक उतार हेर्दा किसानको महलमा सीताराम मेहता उल्लेख भएको र किसानको व्यहोरामा "यो जग्गा हरिप्रसाद रौनियारको हो अधियामा कमाई आएको छु" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । सो कि.नं. ६८ जग्गाको जोताहा मोही मेरा बाबु सीताराम मेहताको २०३३।७।१७ मा मृत्यु भएको हुँदा मेरा नाममा मोही नामसारी गरिपाऊँ भनी यी प्रतिवादी श्री भीमप्रसादले दिएको निवेदनअनुसार निजका नाउँमा मोही नामसारी गर्ने र मोही हकको स्थायी प्रमाणपत्रसमेत बनाइदिने गरी भूमिसुधार कार्यालय, सुनसरीबाट मिति २०३९।४।२२ मा निर्णय भएको र सोहीबमोजिम निज श्रीप्रसाद मेहताका नाममा माही हकको प्रमाणपत्र जारी भएको देखिँदा मोहियानी हकको प्रमाणपत्रसमेत प्राप्त गरिसकेको देखिएको अवस्थामा १९ वर्षपछि आएर प्रतिवादीको मोहीको वैध हैसियतलाई चुनौती दिएको वादीको कार्य कानूनसम्मत् देखिन नआएको हुँदा मोही लगत कट्टा गर्ने ठहऱ्याएको शुरू भूमिसुधार कार्यालय, सुनसरीको निर्णय उल्टी हुने ।
इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल माघ ५ गते रोज ६ शुभम् ।

- यसै लगाउको दे.पु.नं. ०६७-CI-११४८, मोही बेदखली, *रामकुमार महतो वि. श्रीप्रसाद मेहता* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०६८-WO-०३११, उत्प्रेषणसमेत, *साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड वि. सरस्वती थापासमेत*

विपक्षी कामदारहरू मिति २०६६।४।३० को शर्त कबुलियतअनुसार हिमालयन खाद्य एवं प्याकिङ उद्योग लिमिटेडको मिति २०६६।७।१ को पत्रद्वारा सो उद्योगमा नियुक्ति हुँदाका बखत निवेदक साल्ट ट्रेडिङ्ग कर्पोरेशनमा कार्यरत् कामदार रहेको भन्ने तथ्य स्थापित हुन आउँछ । निजहरूको उक्त नयाँ नियुक्तिबाट साविकको साल्ट ट्रेडिङ्ग कर्पोरेशनसँग निजहरूले गरिरहेको श्रम सेवा समाप्त भई नयाँ श्रम सम्बन्धको स्थापना भएको देखिएको सन्दर्भमा विपक्षी कामदारहरूले साल्ट ट्रेडिङ्ग कर्पोरेशनबाट सेवा अवधिको आधारमा श्रम ऐन, २०४८ बमोजिम रकम सुविधा लिन पाउने ठहऱ्याएको श्रम अदालतको निर्णय कानूनप्रतिकूल देखिन नआएकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।
इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट/विकेश गुरागाईं
इति संवत् २०६९ साल माघ २ गते रोज ३ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** ०६८ सालको रिट नं. ०६८-WO-०६४५, उत्प्रेषणयुक्त परमादेश, *कारीदेवी तेलीन वि. हंश लाल साहसमेत*

मुद्दा सकार गर्ने व्यक्ति नै मर्नेको वारेश भई नियमित तारिखमा रहेको देखिँदा मुद्दा सुनुवाइको सिलसिलामा निरन्तर तारिखमा रहेको दैयादारलाई मुद्दा सकार गर्न नमिल्ने भन्न न्यायोचित् नहुने ।

मुद्दा सकार गर्ने दैयादार नै निरन्तर तारिखमा रहनुका साथै समयतत्वलाई समेत मध्यनजर गर्दा मुद्दा सकार गराउने गरी सप्तरी जिल्ला अदालतबाट मिति २०६८।५।३० मा भएको

आदेश र उक्त आदेशलाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।९।१ को आदेश त्रुटिपूर्ण नदेखिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल फागुन २० गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०६८-WO-०५८०, उत्प्रेषणयुक्त परमादेश, *रामप्रवेश शाहसमेत वि. महानगरीय प्रहरी परिसर, ललितपुरसमेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लिखित कुनै अपराधमा अनुसन्धानको लागि पक्राउ परेका व्यक्तिलाई थुनामै राखी तहकीकात गर्नुपर्ने अवस्था स्पष्ट उल्लेख गरेर मात्र प्रहरी कार्यालयले हिरासतमा राख्ने अनुमति माग गर्नुपर्ने र अदालतले पनि अनुमति दिन सक्ने ।

पक्राउ परेको व्यक्तिलाई प्रहरी हिरासतमा नराख्दा अनुसन्धान तहकीकात नै अवरूद्ध हुनजाने वा अनुसन्धान तहकीकातमा प्रतिकूल प्रभाव पर्ने, पक्राउ परेको व्यक्तिले आफू विरूद्ध लाग्ने सबूद प्रमाणमा हस्तक्षेप गरी त्यस्तो प्रमाण नष्ट गर्नसक्ने र निजले समाजमा पुनः अपराध गर्नसक्ने देखिएको समेतका अवस्थामा थुनामै राखेर तहकीकात गर्नुपर्ने भन्ने विधि निर्माणकर्ताको मनसाय रहेको देखिन्छ । प्रहरी हिरासतमा नराखी अनुसन्धान हुनसक्ने अवस्थामा प्रहरी हिरासतमा राख्नुपर्ने औचित्यपूर्ण नदेखिने ।

सरकारवादी हुने फौजदारी मुद्दामा पक्राउ परेका व्यक्तिलाई अवस्थाअनुसार प्रहरी हिरासतमा नराखेर पनि अनुसन्धान तहकीकात हुनसक्ने र निवेदकहरूले महानगरीय प्रहरी परिसर ललितपुरमा दायर गरेको जाहेरीको सम्बन्धमा पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।१६ को आदेशले आवश्यकताअनुसार कानूनबमोजिम अनुसन्धान प्रक्रिया अगाडि बढाउन रोक लगाएको अवस्था नदेखिँदा निवेदकहरूको मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल फागुन २० गते रोज १ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** रिट नं. ०६६-WO-०९००, उत्प्रेषणसमेत, *कृष्ण बराल वि. काठमाडौं विश्वविद्यालय धुलिखेल समेत*

काठमाडौं विश्वविद्यालय ऐनका व्यवस्थाहरूबाट विश्वविद्यालयको पाठ्यक्रम निर्धारण गर्ने तथा शैक्षिक कार्यक्रमहरूमा विद्यार्थी भर्नाका लागि शैक्षिक योग्यता निर्धारण गर्न सो विश्वविद्यालय स्वतन्त्र रहेको देखिन्छ । यस्तो प्राज्ञिक स्वतन्त्रता विश्वविद्यालयलाई हुन वाञ्छनीय पनि हुन्छ । शैक्षिक कार्यक्रम तथा पाठ्यक्रम एवं शैक्षिक उपाधिहरूको गुणस्तरको निर्धारण, विश्लेषण, मूल्याङ्कन तथा मापन गर्ने विषय आफैंमा प्राज्ञिक कार्य भएकोले सो कार्य सम्बन्धित विश्वविद्यालय वा शैक्षिक संस्थाहरूकै विशेषज्ञता (Expertise) को विषय हो । सोबाहेक अदालत वा अन्य कुनै निकायमा त्यस्तो विशेषज्ञता नहुने हुँदा कुनै पनि विश्वविद्यालयद्वारा प्रचलित कानूनको अधीनमा रही निर्धारण गरिएको कुनै विषयको पाठ्यक्रम तथा विद्यार्थी भर्नासम्बन्धी शैक्षिक योग्यताको अन्तरवस्तुभित्र प्रवेश गरी त्यसको उपयुक्तता वा औचित्यका विषयमा अदालतले पुनरालोकन गर्न मिल्दैन । आफ्नो विशेषज्ञता नभएको र अदालतले अपनाउने न्यायिक प्रक्रियाका विशिष्ट पद्धतिहरूबाट निरोपण गर्न पनि नसकिने (Non-justiciable) यस्ता प्राज्ञिक एवं नीतिगत विषयवस्तुहरूमा प्रवेश गरी अन्यथा आदेश गर्न अदालतले संयम अपनाउनु पर्दछ र यस अदालतले सो गर्दैआएको पनि छ । यसबाट नीतिगत एवं

प्राज्ञिक विषयवस्तुहरू नीतिगत एवं प्राज्ञिक तहबाटै निरोपण हुने वातावरणको सिर्जना भई सम्बन्धित तह वा निकायहरूमा व्यावसायिकताको विकासका लागि मार्गप्रशस्त हुने ।

विश्वविद्यालयका आन्तरिक निर्णय तथा पत्र परिपत्रहरू सार्वजनिकरूपमा प्रकाशन नगरेसम्म सर्वसाधारणको जानकारीमा आउँदैनन् र विश्वविद्यालयबाट सञ्चार माध्यमहरूमा प्रकाशन हुने सार्वजनिक सूचनाहरूलाई नै आधिकारिक मानी सर्वसाधारण तथा भर्नाका आकाङ्क्षी विद्यार्थीहरूले विश्वविद्यालयसँग व्यवहार गर्नुपर्ने हुन्छ र यस्ता सूचनाहरूलाई नै वैध मानी त्यसैमा भर पर्नु उनीहरूका लागि अस्वाभाविक पनि नहुने ।

शैक्षिक कार्यक्रमहरूमा विद्यार्थी भर्ना तथा पठनपाठनलगायत सम्बन्धनसँग सम्बन्धित विषयवस्तुमा कलेजहरूलाई विश्व- विद्यालयको नीति तथा उद्देश्यअनुरुप कटिबद्ध र दुरुस्त रहन लगाई त्यसको उत्तरदायित्व स्वयं बोध गर्ने कर्तव्यबाट पनि विपक्षी विश्वविद्यालय विमुख हुन नसक्ने ।

विश्वविद्यालय वा यसको सम्बन्धनप्राप्त मेडिकल कलेजले निवेदकलाई एम.बी. बी.एस. कार्यक्रममा भर्नाका लागि योग्यता परीक्षण गर्न सञ्चालित प्रवेश परीक्षामा उत्तीर्ण गराई भर्ना लिई आफ्नो आचरण र व्यवहारबाट निवेदकलाई योग्य ठहर्‍याई केही सत्र अध्ययनसमेत गरी सकेपछि निजको भर्नासम्बन्धी योग्यतामा प्रश्न उठाई रजिष्ट्रेशन गर्न इन्कार गरेको कार्यलाई औचित्यपूर्ण एवं मनासीब भन्न नसकिने ।

शैक्षिक योग्यताका सम्बन्धमा विपक्षी विश्वविद्यालयका तर्फबाट प्रवेश परीक्षा तथा भर्नाकै बखत तत्काल निर्णय हुन नसकेको यथार्थ र निवेदकले पनि वैध अपेक्षा (Legitimate Expectation) का साथ विपक्षी कलेजमा भर्ना भई गरेको अध्ययन र मेहनत तथा आर्थिक लगानी एवं व्यतीत भएको समयतत्व समेतलाई विचार गर्दा अध्ययन गर्नबाट बञ्चित गर्नु न्यायसंगत नहुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६९ चैत ८ गते रोज ५ शुभम्

७

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** ०६५-WO-०४७५, उत्प्रेषणयुक्त परमादेशसमेत, *अधिवक्ता शंकर लिम्बूसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संविधानको धारा ६३ को उपधारा (३) र (४) मा प्रत्यक्ष तथा समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा राजनीतिक दलहरूले संविधानसभामा प्रतिनिधित्वको लागि समावेशी समानुपातिक सिद्धान्तका आधारमा उम्मेद्वार तय गर्ने व्यवस्था गरिएको देखिन्छ भने ६३ को उपधारा (३) को खण्ड (ग) अनुसार मनोनयन हुने छब्बीस जना सदस्यको हकमा समेत सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने अवस्था रहेको देखिन्छ । संविधानसभा निर्वाचन ऐन, २०६४ को दफा २(ठ), दफा ७ (३) मा संविधानसभाको निर्वाचनमा राजनीतिक दलहरूको उम्मेद्वारको बन्द सूची तयार गर्दा आदिवासी/जनजातिसमेतको समानुपातिक प्रतिनिधित्वलाई ध्यान दिनुपर्ने र संविधानसभाको दलीय संरचनाको आधारमा ध्यान दिनुपर्ने कुरा उल्लेख गरिएको छ जुन सर्सर्ती अध्ययन गर्दा संविधानका शब्द भावना प्रतिकूल नदेखिने ।

संविधानको प्रावधानलाई मूर्तरूप दिनका लागि नै विधायिकाले ऐन कानूनका व्यवस्थाहरू बनाएको हुन्छ । संविधानको अक्षर र भावनाको विपरीत हुने गरी वा संविधानको परिधिबाहिर गएर कुनै ऐन कानूनहरू बन्न नसक्ने ।

सन्धिको पक्ष भई सहमति जनाएका अन्तर्राष्टिय सन्धिं सम्झौताबाट सिर्जित दायित्व सभ्य मुलुकहरूले पालना र कार्यान्वयन गर्दछन् भन्ने अपेक्षा हुनु स्वाभाविक छ । आफूलेसमेत सहमति

जनाएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई मुलुकको आवश्यकता, उपलब्ध स्रोत, साधन र क्षमताअनुसार क्रमशः कार्यान्वयन हुनुपर्ने ।

कानून बनाउने विषय विधायिकाको एकलौटी क्षेधाधिकार (Exclusive Jurisdiction) भित्रको विषय हो । अन्तर्राष्ट्रिय कानूनको प्रावधानलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था, सम्बन्धित कानूनका व्यवस्थाहरू तथा अन्य अन्तर्राष्ट्रिय कानूनका व्यवस्थाहरू र त्यसबाट पर्ने असरहरूलाई अध्ययन गरी एकांगीरूपमा कार्यान्वयन हुन गएमा त्यस्तो कार्यान्वयन पूर्ण नहुने सम्भावनासमेत रहन सक्ने ।

अन्तर्राष्ट्रिय कानूनको प्रावधानलगायत तथा त्यसलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था तथा सम्बन्धित कानूनका व्यवस्थाहरूमा पर्ने असरसमेतको व्यापक अध्ययन हुनुका साथै यससँग सम्बन्धित विभिन्न पक्षहरूसँग छलफल तथा विचार विमर्श हुनुपर्ने । अध्ययन, छलफल, एवं विचार विमर्शबाट आवश्यक र उपयुक्त कानून बनाउने जिम्मेवारी विधायिकाको भएकोले विधायिकी बुद्धि र क्षमता (Legislative Wisdom and Competency) मा अदालतले हस्तक्षेप गर्ने विषय पनि नहुने ।

संविधानसभामा हुनुपर्ने प्रतिनिधित्वसम्बन्धी प्रश्नहरू आगामी संविधानसभाको निर्वाचनको सन्दर्भमासमेत सामाजिकरूपले पछाडि परेको एवं सीमान्तकृत वर्ग वा समुदायको प्रतिनिधित्व के कसरी गर्दा सार्थक एवं प्रभावकारी हुन्छ, नेपालसमेत पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ लगायतका अन्तर्राष्ट्रिय कानून तथा सभ्य मुलुकहरूले प्रयोग गरी आएको स्थापित परम्परासमेतको अध्ययन अनुसन्धान गरी यसबाट प्रभावित विभिन्न पक्षहरूसँग छलफल, विचार विमर्श गरी नेपालको सन्दर्भमा अब गठन हुने संविधानसभामा संविधानले अङ्गीकार गरेको सिद्धान्त र भावनाअनुसार आदिबासी/जनजातिलगायत सीमान्तकृत तथा पिछडिएको वर्गको सार्थक एवं प्रभावकारी प्रतिनिधित्वका लागि के कस्तो व्यवस्था उपयुक्त हुन्छ सो प्रयोजनका लागि संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४, संविधानसभा नियमावली, २०६५ लगायतका कानूनहरूमा के कस्तो संशोधन वा परिमार्जन आवश्यक पर्छ सोको निमित्त आवश्यक पहल गर्नु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०७० वैशाख ८ गते रोज १ शुभम् ।

**इजलास नं. १**

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६९-WO-०३३८, FN-०१४८, ०१६३, उत्प्रेषणसमेत, *बाबुराम तिमल्सिनासमेत वि.त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौंसमेत*

निवेदकहरू बाबुराम तिमल्सिना एवं कुमार आचार्यहरूले आफूलाई वरिष्ठ भनी उल्लेख गरेको भए तापनि आफूहरू भन्दा अन्य कोही वरिष्ठ भए नभएको भन्ने उल्लेख गरेको पाईंदैन । सेवामा प्रवेश गरेको वरिष्ठतालाई क्षमता र कार्यकुशलताको हिसाबले पनि हेरिनुपर्ने हुन्छ । त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २ को “ट” मा शिक्षक भन्नाले विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने वा अनुसन्धान कार्यमा संलग्न प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक तथा सहायक प्राध्यापक सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षक तथा यस ऐनअन्तर्गत बनेको नियममा शिक्षक भनी तोकिएको व्यक्तिलाई समेत जनाउँछ भनी परिभाषित

गरेको पाइन्छ । रिट निवेदकहरू र विपक्षी सरोजकुमार चौधरी एक आपसमा को वरिष्ठ भन्नुभन्दा पनि त्यस क्याम्पसमा र सोअन्तर्गतका अन्य क्याम्पसमा पनि वरिष्ठ एवं कनिष्ठ रहेको हुनसक्ने हुन्छन् । त्यसैले को भन्दा को वरिष्ठ भन्ने आधारमा मात्रै क्याम्पस प्रमुख छानिने नभै त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १८५(२) को आधारभूत प्रक्रिया पूरा भएको छ, छैन भनी हेर्नुपर्ने हुन आउँछ । क्याम्पस प्रमुख पदको नियुक्तिमा शिक्षाध्यक्षको सिफारिशमा कार्यकारी परिषद्ले नियुक्त गरेको हो, होइन भन्ने मुख्य कानूनी प्रक्रिया हेर्नुपर्ने हुन्छ । उपरोक्त ऐनको व्यवस्थाले क्याम्पस प्रमुख हुनलाई सह-प्राध्यापक वा प्राध्यापक नै चाहिने भनी प्रष्ट योग्यता नतोकेको अवस्थामा वरिष्ठ वा कनिष्ठको प्रश्न नउठ्ने र कानूनी बाध्यता समेत नरहेको यस अवस्थामा विगत २२ वर्षदेखि उपप्राध्यापक पदमा कार्यरत् निज सरोजकुमार चौधरीलाई क्याम्पस प्रमुख पदमा गरेको नियुक्ति गैरकानूनी वा अनुपयुक्त भन्न मिल्ने देखिएन । यस्तै विवादित प्रश्नमा समेत यस अदालत संयुक्त इजलासबाट संवत् २०६४ सालको WO-०९२३ को निवेदक डा. पिताम्बरलाल यादव विरूद्ध त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस कीर्तिपुरसमेत भएको उत्प्रेषण परमादेशको रिट निवेदनमा वृहद् व्याख्या भै मिति २०६८।१।२१ मा सिद्धान्तसमेत प्रतिपादन भैरहेको अवस्थामा एउटै विषयमा पुनः व्याख्या र विवेचना गरिरहनु नपरी उपरोक्त प्रतिपादित सिद्धान्तसमेतको आधारमा रिट निवेदकको संविधानप्रदत्त हकमा प्रतिकूल असर पर्ने नदेखिएबाट समेत निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल माघ २३ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६९-WO-०४१७, उत्प्रेषणसमेत, डा. *खगेन्द्रप्रसाद आचार्य समेत वि. त्रिभुवन विश्वविद्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६८-WO-१०९०, उत्प्रेषणसमेत, *रामसागर साह वि. स्थानीय विकास मन्त्रालय, श्रीमहल पुल्चोक ललितपुरसमेत*

सामान्य ऐन, नियमले तोकेको कार्यविधि अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गर्दा क्षेत्राधिकारको त्रुटि हुन जाने हुन्छ । साथै निवेदकले ट्रेड यूनियन ऐन, २०४९ ले ट्रेड यूनियन कार्य समितिका पदाधिकारीहरूलाई उनीहरूको सहमति बिना सरूवा नगरिने व्यवस्था भएको भन्ने जिकीरका सम्बन्धमा समेत निवेदक नेपाल मधेशी निजामती कर्मचारी मञ्चको केन्द्रीय सदस्य रहेको र निज केन्द्रमा नबसी व्यक्तिगत सुविधाअनुसार जिल्ला स्तरको कार्यालय, धनुषामा रहेकोमा जिल्लास्तरका पदाधिकारीलाई जिल्लामा कामकाज गर्न सजिलो होस् भन्ने विधायिकी मनसायअनुरूप निजलाई जिल्लास्तरको कार्यालयमा नै सरूवा गरिएको भन्ने प्रत्यर्थी कार्यालयको लिखित जवाफ रहेको छ । साथै ट्रेड यूनियनमा आवद्ध कर्मचारीहरूलाई तोकिएको अवधि व्यतीत गरेको भए पनि सरूवा गर्न नमिल्ने भन्ने निवेदन जिकीर कानूनअनुरूप नदेखिने ।

निवेदकको सरूवा निजामती सेवा ऐन, २०४९ बमोजिम नै भएको देखिएको, निवेदक ट्रेड यूनियनको सदस्य भएकै नाताले कानूनबमोजिम निजको सरूवा गर्न बाधा पुग्ने नदेखिएको, निवेदकले वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको देखिएको तथा निवेदकको हकमा भएको सरूवासम्बन्धी कार्यले निजको पेशा तथा

रोजगारसम्बन्धी संवैधानिक हकमा कुनै आघात पुगेको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल माघ २३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-०४२१, कर्तव्य ज्यान, *भद्रबहादुर नेपाली वि. नेपाल सरकार*

मौकामा कागज गर्ने बलबहादुर गुरुङ, जाहेरवाला कृष्ण गुरुङ, कमल गुरुङ र घटनास्थलमा रहेको प्रत्यक्षदर्शी टिकीमाया गुरुङसमेतले यी प्रतिवादीले मृतकलाई ढुङ्गा र र आसीले हानी भीरबाट खसाली मारेको भन्ने कुरालाई उल्लेख गरी व्यक्त गरेको पाइन्छ भने सो कुरालाई अदालतमा बकपत्र गर्दासमेत समर्थन गरी लेखाएको पाइन्छ । प्रत्यक्षदर्शी व्यक्तिसमेतले घटनाको सम्बन्धमा मौकामा व्यक्त गरी लेखाएको कुरालाई अदालतमा आई साक्षीसरह बकपत्र गरेमा प्रमाणमा लिन मिल्ने भनी प्रमाण ऐन, २०३१ को दफा १० तथा १८ नं. समेतमा व्यवस्था भएको र प्रस्तुत मुद्दामा प्रत्यक्षदर्शी टिकीमायाँ समेतका व्यक्तिले मौकामा व्यक्त गरेको कुरा अदालतमा समर्थन गरी बकपत्र गरेको हुँदा सो कथनलाई उपरोक्त कानूनी व्यवस्थाअनुसार प्रमाणयोग्य नै मान्नुपर्ने हुन्छ । उक्त प्रत्यक्ष प्रमाणको विद्यमानतामा प्रतिवादीले आरोपित कसूर गरेमा इन्कार रही अदालतमा गरेको बयानलाई त्यस्तै किसिमको प्रत्यक्ष एवं स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सकेको नपाइँदा यी प्रतिवादीलाई इन्कार रहेको मात्र कारणबाट निर्दोष मान्न सकिएन । निज प्रतिवादीउपर आरोपित कसूर, घटनाको प्रत्यक्षदर्शीको कथन, निजको प्रहरीसमक्ष भएको साविती बयान, लास प्रकृति मुचुल्कासमेतको स्वतन्त्र प्रमाणबाट पुष्टि एवं प्रमाणित हुने हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूर गरेको ठहऱ्याएको शुरू पर्वत जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बागलुङको फैसला मिलेकै देखिँदा सदर हुने ।

सजायको हकमा विचार गर्दा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैंद हुने ठहऱ्याई पुनरावेदन अदालत, बागलुङबाट भएको फैसलाउपर निजले कारागार कार्यालय, काभ्रेपलाञ्चोकमा २०६७।७।१६ मा पुनरावेदन पत्र पेश गरी सो कार्यालयको मिति २०६७।७।१६ को पत्रसाथ यस अदालतमा प्रेषित सो पुनरावेदन पत्र २०६७।८।२ मा यस अदालतमा प्राप्त भई २०६७।८।७ मा यस अदालतमा दर्ता भएको मिसिलबाट देखिन्छ । प्रतिवादीलाई यस अदालतबाट कारागारमार्फत मुद्दा पेशीमा चढेको जानकारी पठाउँदा कारागार कार्यालय, काभ्रेपलाञ्चोकको मिति २०६८।२।५, च.नं. ६२८ तथा च.नं. १४ मिति २०६८।४।१८ को पत्रद्वारा "कर्तव्य ज्यान मुद्दामा थुनामा रहेको व्यक्ति भद्रबहादुर नेपालीको आफ्नै कालगतिले मिति २०६७।७।३० मा निधन भएको" भनी यस अदालतलाई लेखी पठाएको मिसिल संलग्न सो कारागारबाट प्राप्त पत्रहरूबाट देखिँदा मृत्यु भैसकेका व्यक्तिको हकमा सजायतर्फ थप विचार गरिरहन परेन । कसूरदारको मृत्यु भएको अवस्थामा निजउपर लागेको कसूर एवं निजलाई भएको सजायसमेत समाप्त हुन जाने हुन्छ । निजलाई शुरू पर्वत जिल्ला अदालत तथा पुनरावेदन अदालत बागलुङबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्ने गरी राखेको लगतमध्ये जन्मकैदको लगत कट्टा हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल असोज १७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-०४२२, मानव बेचबिखन, *भुवन थापा वि. नेपाल सरकार*

मौकामा कागज गर्ने पीडित एवं जाहेरवाला माया थापाले यी प्रतिवादी भुवन सिँह थापाउपर पोल गरी बयान गरेको कुरा अदालतमा उपस्थित भई समर्थन गरी व्यक्त गरिदिएको पाइन्छ । त्यस्तै वस्तुस्थिति मुचुल्काका मानिस घुमा नेगीसमेतले यी प्रतिवादीले जाहेरवालीलाई बिक्री गरेको हो भनी मौकामा व्यक्त गरेको कुरालाई अदालतमा उपस्थित भई साक्षीसरह व्यक्त गरी बकपत्र गरेको देखिने ।

प्रतिवादीको मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गर्दा जाहेरवालीसँग गाडीमा सँगै आउने जाने गरेको र निजसँग करणी लिनुदिनु भएको तथ्यलाई स्वीकार गरे पनि निजलाई भारत लगी बिक्री गरकोमा भने इन्कार रहेको देखिन्छ । निजले अदालतमा गरेको बयानमा जाहेरवालीले आफूले चलाएको गाडीमा बसी यात्रा गरेको कुरालाई सम्म स्वीकार गरी निजलाई करणी गरेकोमा र भारत लगी बिक्री गरकोमा भने इन्कार रहेको पाइन्छ । तर, निजको सो इन्कारी बयान कुनै तथ्यपूर्ण, प्रत्यक्ष एवं स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको छैन । प्रतिवादीकै साक्षी धन सिँ थापाले मिति २०६५।१।२२ गते यी प्रतिवादीले गोकुलेघरदेखि शैलेश्वरी गणसम्म रिजर्भ गाडी लिई महेन्द्रनगर फिर्ता भएको भनी लेखाएको छ भने प्रतिवादीकै साक्षी अमर सिँह थापाले मिति २०६५।१।२२ गते गाडी होल्ड भई प्रतिवादीलाई निजकै डेरामा भेटेको थिएँ भनी एकापसमा नमिल्ने फरक तथ्य देखाई फरक बकपत्र गरेको छ । त्यस्तै प्रतिवादीले प्रहरीमा गरेको बयान उक्त मिति २०६५।१।२२ गते आफ्नै घरमा थिएँ भनी उल्लेख गरेबाट पनि प्रतिवादीको बयानमा निजकै साक्षीबाट खण्डित भएको अवस्था छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ मा, "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउन पर्नेछ" भन्ने व्यवस्था भएको छ । सोबमोजिम प्रमाण भन्नाले ठोस विवादरहित एवं तथ्यपूर्ण प्रमाण भनी सम्झनु पर्ने हुन्छ । तर, यी प्रतिवादीले आफूउपरको अभियोग खण्डित हुने शंकारहित, विवादरहित एवं प्रत्यक्ष प्रमाण पेश गरी अभियोग दावी खण्डन गराउन नसकेको र आफ्नो बयान आफ्नै साक्षीबाट समर्थित हुन नसकेकोसमेत अवस्थामा निजका विरूद्ध सङ्कलित प्रत्यक्ष प्रमाणको विद्यमानतामा यी प्रतिवादीलाई निर्दोष मान्न सकिएन । निजले आरोपित कसूर गरेको पुष्टि एवं प्रमाणित हुँदा प्रतिवादीलाई आरोपित कसूरमा कसूरदार ठहऱ्याई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१) (क) अनुसार २० (बीस) वर्ष कैद र दुई लाख रूपैयाँ जरीवाना हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल असोज १७ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६४–WO–०७५४, उत्प्रेषणयुक्त परमादेश, *गोरखबहादुर वि.सी. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

पानी मानवजीवनको लागि नभइ नहुने एक प्राकृतिक वस्तु हो यसको उपयोग बाँडफाँड तथा अन्य व्यवस्थापनका जुनसुकै विषयलाई प्राकृतिक वस्तुको उपयोगसँग सम्बन्धित रहेको मान्नुपर्ने हुन्छ । पानीसँग सम्बन्धित विषयलाई लिएर माथिल्लो कर्णाली आयोजना सञ्चालन हुने स्थानीय स्तरकै व्यक्तिहरूले सार्वजनिक सरोकारको विषय ठानी अदालतसमक्ष उपस्थित हुनुलाई अन्यथा भनी अर्थ गर्न नमिल्ने ।

नेपाल सरकार र विपक्षी कम्पनीका बीच सम्पन्न भएको समझदारी पत्रका आधारमा माथिल्लो

कर्णाली क्षेत्रमा सञ्चालन हुने आयोजनाले निःसन्देह उक्त क्षेत्रका जनताको जनजीवनमा समेत प्रत्यक्ष प्रभाव पार्ने हुन्छ । त्यसमा पनि विद्युत उत्पादन गर्ने गरी उत्पादनमुखी आयोजना सञ्चालन हुने त्यस्ता ठूला आयोजनाहरूको निर्माण सञ्चालन लगायतका प्रक्रियाको निर्णय गर्दा त्यस क्षेत्रका जनताको जनजीवनमा पर्न सक्ने असर प्रभाव तथा पैदा हुनसक्ने उदासिनता, कुण्ठा, प्रतिशोध जस्ता पक्षहरूलाई मनन् गर्नु पनि उत्तिकै आवश्यक हुन्छ । निवेदनमा उल्लिखित विषय देशको एउटा महत्वपूर्ण जलविद्युत आयोजनासँग सम्बन्धित विषय भएको, यसमा निहित हुने लागत खर्च तथा यसले सिर्जना गर्ने विभिन्न किसिमका अवसर र चुनौतीहरूका विषयले विभिन्न किसिमका स्वार्थहरू सिर्जना गर्न सक्ने हुन्छ नै । यस्तो अवस्थामा यस्ता ठूला प्रकृतिका आयोजनाले त्यस क्षेत्रका जनताको जनजीवनमा पार्न सक्ने असर तथा प्रभावको विषयलाई लिएर जुनसुकै नागरिकले जनसाधारणको सदस्यको नाताले जनसाधारणमा पर्न सक्ने असरको खोजी गर्न अदालतमा प्रवेश गर्नु स्वाभाविक भै प्रस्तुत विवादमा निवेदकहरूको सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको देखिन्छ । प्रस्तुत विवादलाई सार्वजनिक सरोकारको विवाद होइन भनी न्यायिक उपचारको खोजी गर्ने निवेदकहरूको प्रयासलाई रोक्न नमिल्ने ।

आयोजना सञ्चालन सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा प्रस्ताव आब्हान गरी आयोजनाका लागि प्राप्त प्रस्तावहरू मध्येबाट उपयुक्त प्रस्ताव छानविन गरी छनौट गरिएको तथा सोही सम्बन्धमा विपक्षी कम्पनीसँग उक्त सहमति भएको पाइन्छ । जलविद्युतको क्षेत्रमा विकास गर्ने यस्ता किसिमका आयोजना स्वभावैले ठूला आयोजना भई पूँजी र विशेषज्ञताको आवश्यकताका आधारमा विदेशी पूँजी आकर्षित गर्न खोजिएको हुँदा नेपालको प्रचलित कानून र नीतिअन्तर्गत गरिएको सहमतिलाई प्रारम्भमै गैरकानूनी सम्झन नमिल्ने ।

कुनै आयोजना स्वदेशी पूँजीबाट सरकार आफैले वा नीजि क्षेत्रसँगको सहकार्यमा वा विदेशी सरकार वा कम्पनीसँग मिलेर छुट्टाछुट्टै रूपमा सञ्चालन गर्ने भन्ने कुरा कार्यपालिकाले देशको आवश्यकता, स्रोतको विद्यमानता आयोजना सञ्चालनको लागत र व्ययको अनुमान, आफ्नो प्राविधिक तथा शीपको विद्यमान अवस्था, आयोजना सञ्चालनबाट विद्यमान जोखिम तथा आयोजनाबाट प्राप्त हुने लाभ एवं लगानीका समस्त पक्षहरूलाई विचार गरी राष्ट्र र जनताको हितमा निर्णय गरिने कुरा हो । कुन आयोजना कुनै खास तरिकाबाट कसले कसरी सञ्चालन गर्ने गरी जिम्मा दिनु पर्छ भन्ने कुरा मूलतः न्यायिक तवरले विचार गर्नुपर्ने विषय देखिन नआउने ।

मूलतः नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) बमोजिम नेपाल र कुनै विदेशी राज्य वा सरकारसँग कुनै सन्धि, सम्झौता गरेको वा सोको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरेको देखिन आउँदैन । देशको प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड गर्ने गरी कसैसँग कुनै विदेशी राज्य वा सरकारसँग सम्झौता भएको पनि देखिदैन । प्रस्तुत आयोजना दुई देश बिचको सीमाक्षेत्रको आयोजना पनि देखिदैन । प्रस्तुत आयोजना नेपालको कर्णाली प्रदेशको उच्च पहाडी भागमा सञ्चालन हुने जलविद्युत आयोजना भएको र रिजरभ्वायर प्रकृतिको आयोजना पनि नदेखिएकोले पानीको संकलनबाट हुने जलआपूर्तिको विशेष व्यवस्था हुने प्रकृतिको पनि नदेखिने ।

वस्तुतः जलविद्युत विकासको सम्बन्धमा नेपालमा जलविद्युतको विकासका लागि आवश्यक आयोजनाहरूको आवश्यकता, ती आयोजनाबाट प्राप्त हुने लाभहरू अधिकतम बनाउने, नेपाली जनतालाई विद्युत आपूर्ति गराउन स्थानीय रूपमा नै आयोजना सञ्चालन हुनुपर्ने कुराहरू आयोजना छनौट गर्ने हिसावले महत्वपूर्ण र लाभदायक हुन सक्छन । कुन आयोजना कसरी सञ्चालन गर्ने र

त्यसबाट प्राप्त हुने लाभ र लागतको कुराको औचित्य के हुने हो भन्ने कुरा राज्यको र खासगरी राज्यको अङ्गको रूपमा रहेको कार्यपालिकाको उत्तरदायित्वको विषयभित्र पर्ने ।

विद्युत आयोजनाहरूको वर्गीकरण, छनौट वा कार्यान्वयन सम्बन्धी यस्ता नीतिगत प्रश्नहरूमा अदालतको खास संलग्नता रहने अवस्था रहदैन । के कस्ता आयोजनाहरू राष्ट्रका लागि आवश्यक हुने, ती आयोजनाहरू निर्माण गर्दाको अवस्थामा प्रचलित कानूनमा के कस्ता व्यवस्थाहरू कायम छन् र ती कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी राष्ट्र तथा जनताको हितका लागि कार्यपालिकीय निकायले प्रचलित कानूनको अधीनमा रही राष्ट्रका लागि आवश्यक त्यस्ता आयोजनाहरूको वर्गीकरण, छनौट, सञ्चालन, रेखदेख तथा नियमन गर्ने जस्ता नियमित कार्यपालिकिय कार्यमा सामान्य अवस्थामा अदालतले हस्तक्षेप गरी त्यस्ता आयोजनाहरूको निर्माण, सञ्चालन तथा अन्य नियमित प्रक्रियामा अवरुद्ध पार्न मिल्ने समेत हुदैन । संविधान, ऐन, कानून प्रतिकूल कुनै काम गरी जनताको मौलिक एवं कानूनी हक वा सार्वजनिक हक हितमा प्रतिकूल असर पार्ने काम भएको अवस्थामा मात्रै अदालतले संविधानद्वारा प्रदत्त अधिकारक्षेत्र ग्रहण गरि निर्णय गर्ने गर्दछ । सरकारले गरेको नितान्त प्रशासनिक वा नीतिगत निर्णयहरूको लागि सरकार नै जनताप्रति जिम्मेवार रहने हुनाले त्यस सम्बन्धमा अदालतले विचार गर्नुपर्ने अवस्था रहँदैन ।

बिद्युत भनेको पानीरूपी प्राकृतिक स्रोतबाट भएको उत्पादन हो, जो स्वयं प्राकृतिक स्रोत होइन । कुनै पनि उत्पादित चीज, वस्तु वा सेवा जस्तै विद्युतको व्यापार हुन सक्छ र सो निर्यात पनि गर्न सकिन्छ । कानूनले यस्तो कार्य गर्न निषेध गरेकोमा बाहेक सो गर्न नपाउने भन्न नमिल्ने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) बमोजिम संसदीय अनुमोदन चाहिने भएमा त्यस सम्बन्धमा त्यस्तो प्रश्न व्यवस्थापिका संसदमा नै मौकैदेखि उठ्न नसक्ने देखिदैन । तर त्यस सम्बन्धमा त्यस विषयले कुनै स्थान पाएको देखिदैन । व्यवस्थापिका संसदको प्रक्रिया पूरा गर्नुपर्ने विषय भएमा त्यस्तो प्रक्रियामा प्रवेश दिने दिलाउने र प्रस्ताव ल्याउने सोही संसद वा त्यहाँका सदस्यहरूको हक एवं कर्तव्य बन्दछ । निवेदकहरूले उक्त प्रक्रिया सक्रिय गराउनेतर्फ न्यूनतम कुनै प्रयास गरेको समेत देखिदैन । धारा १५६(२) को संसदीय अनुमोदन चाहिने भनी उक्त व्यवस्थापिका संसदको जिकीर लिई लिखित जवाफ समेत प्राप्त हुन आएको पनि देखिदैन । यसरी व्यवस्थापिका संसद अन्तर्गतको प्रक्रिया अपनाउनुपर्ने वा अनुशरण गर्नुपर्ने कुरामा सम्बन्धित निकायलाई परिचालन गर्न न्यूनतम पनि प्रयास नगर्ने तर सोही विषयमा सार्वजनिक सरोकारको नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ को पूर्वावस्थाहरू विहीन भएको थाहा पाउँदा पाउँदै सो धाराको प्रयोग गरी आयोजनाको सञ्चालन अवरोध गर्ने दृष्टिकोण लिनुलाई मात्रै पनि स्वीकार्य मान्न नमिल्ने ।

प्रस्तुत मुद्दामा सन्निहित माथिल्लो कर्णाली आयोजनाको सञ्चालनको लागि अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गरी छनौट गरी आयोजना सञ्चालन गर्न विपक्षी जि.एम.आर. इनर्जी लिमिटेड नामक कम्पनीलाई आयोजना निर्माण सञ्चालन गर्न दिन नेपाल सरकार सहमत भएको देखिन्छ । आयोजनामा विभिन्न शर्तहरू तोकिएको, ३० वर्षपछि नेपाल सरकारमा आयोजनाको स्वामित्व फिर्ता आउने देखिएको, सो अघि आयोजनाबाट खास मात्रामा राजश्व एवं निःशुल्क विद्युत प्राप्त हुन सक्ने समेत देखिएको छ । आयोजना सञ्चालनमा शर्तहरू किटान गर्दा कुनै अख्तियारको दुरूपयोग भएको पनि निवेदकको भनाई छैन । त्यस्तो प्रश्न रहेको भए त्यो बेग्लै ढंगले सम्बोधन हुने प्रश्न हुँदा प्रस्तुत मुद्दासँग सम्बन्धित पनि देखिँदैन । नेपाल सरकारलाई कुनै पक्षसँग जलविद्युत आयोजनाको सञ्चालन सम्बन्धमा प्रचलित विद्युत सम्बन्धी ऐन, नियम र नीतिअन्तर्गत

निर्णय गरी कुनै आयोजना सञ्चालन गर्न सम्झौता गर्ने अधिकार भएकै देखिएको र त्यस्तो विषयमा सामान्य कानून एवं करारको समेत विषय देखिन आएकोले यस्तो प्रचलित कानून तथा कानूनबमोजिम कायम रहेको करारको विषयवस्तुमा यस अदालतले असाधारण अधिकारक्षेत्र ग्रहण गरी हस्तक्षेप गर्नुपर्ने समेत नदेखिने ।

नेपाल सरकार जलस्रोत मन्त्रालयले मिति २०६४।१०।१० मा निर्णय गरी विपक्षी जि.एम.आर. इनर्जी कम्पनीसँग समझदारीपत्र गरेको र सोही समझदारीपत्रका शर्तहरूको औचित्यका सम्बन्धमा निर्णय गर्ने कार्यपालिका आफैमा उत्तरदायित्व रहने र त्यसको औचित्यमा निवेदकको मागअनुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) बमोजिम हस्तक्षेप गरी त्यस्तो सम्झौतालाई पुनरावलोकन गर्न मिल्ने अवस्था देखिँदैन । उक्त सहमति एवं सम्झौताबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) बमोजिम व्यवस्थापिका संसदको अनुमोदन चाहिने कुनै कुरा विद्यमान भएको निवेदकले देखाउन नसकेकोले सो अवस्थामा निवेदकको मागबमोजिम आदेश जारी गरी व्यवस्थापिका संसदलाई उक्त धारा १५६(२) बमोजिमको प्रक्रिया प्राप्त गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल असार २७ गते रोज ४ शुभम्

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-WO-०२८३, उत्प्रेषणमिश्रित परमादेश, *कमला अमात्य वि. हिमालयन बैंक लिमिटेड, त्रिदेवी मार्ग, काठमाडौंसमेत*

रिट निवेदकले मुख्य गरेर आफूले पति विनोदसँग अंश छोडपत्र गरी छोरीको लालनपालन र विवाह खर्चसमेत बापत प्राप्त गरेको सम्पत्ति हो भनी दावी लिएको पाइयो । कम्पनीले मिति १९९५ जुन तथा अगष्ट महिनामा कम्पनीको नाउँको जेथालगायत धितो राखी ऋण लिएको देखिन्छ । ऋण दिँदा कम्पनीको जायजेथाबाट मात्र चित्त नबुझाई ऋणदाताले सञ्चालक विनोदबहादुर अमात्यसँग व्यक्तिगत जमानीसमेत लिएको देखिन्छ । विनोदले १९९७ को अप्रिलमा ७ करोड ८० लाखको लागि व्यक्तिगत जमानी दिएको उक्त जमानीको कागजबाट देखिन्छ । कम्पनीले लिएको ऋणको दायित्व ऋण लिँदा खडा गरिएको लिखतमा उल्लिखित शर्तबमोजिम चुक्ता गर्नुपर्ने हुन्छ । यदि बैंकले ऋण लिँदा कोही कसैबाट थप जमानी लिएको छैन भने उसले कम्पनीको सम्पत्तिभन्दा अन्यत्रबाट असूल गर्न सक्तैन । जुन कुरा कम्पनीको दायित्व कम्पनीको सम्पत्तिमा मात्र सीमित रहन्छ भन्ने सम्पत्ति कानूनको सीमित दायित्वको सिद्धान्तअन्तर्गतको विषयवस्तु हो । तर, कम्पनीले ऋण लिँदा कसैले व्यक्तिगत जमानी दिन्छ र ऋण लिँदा राखिएको धितोबाट असूल हुन नसकेको ऋण रकमबापत जमानी बसेको व्यक्ति वा संस्थाबाट असूल गर्न सक्ने नै हुन्छ । जुन कुरा नितान्त जमानीसम्बन्धी करारको विषयवस्तु हो, यहाँ सीमित दायित्वको प्रसंग नै आकर्षित हुन नसक्ने ।

व्यक्तिगत जमानी प्रदान गर्ने सञ्चालक विनोदबहादुरको श्रीमतीले अंशबापत प्राप्त गरेको जग्गा रोक्का राखेको मिलेको छ, छैन भन्ने सन्दर्भमा विचार गर्दा निवेदकले मिति २०५९।२।८ मा अंश छोडपत्रबाट विवादित जग्गा प्राप्त गरेको देखिन्छ । कम्पनीले ऋण लिएको मिति १९९५ जुन तथा अगष्ट र व्यक्तिगत जमानी दिएको मिति १९९७ को अप्रिलमा यी निवेदक सगोलमा नै रहे बसेको देखिन्छ । बैंकले ऋण प्रवाह गर्दा वा जमानी दिनुपूर्वदेखि नै अलग भैसकेको भनी जिकीर लिन समेत सकेको देखिँदैन । सगोलमा रहँदा घरको मूल कारणीले लिएको ऋण तथा असूल गरेको दायित्व निवेदकले व्यहोर्न नपर्ने गरी कानूनले उन्मुक्ति दिएकोसमेत देखिँदैन । थप व्यक्तिगत जमानी दिइसकेपछि २०५९ सालमा अंश छोडपत्र गरी

विवादको जग्गा दिएको देखिएको हुँदा कारोवार हुँदाको जमानीबापतको लिखतमा पक्राउ गर्न सकिने सम्पत्ति भनी रोक्का राखेकोलाई अन्यथा भन्न मिल्ने नदेखिने ।

निवेदकका पति विनोदबहादुर अमात्यले नेपाल स्टिल प्रा.लि. ले व्यहोर्नु पर्ने दायित्व अधिकतम् रू. ७ करोड ८० हजारबापत व्यक्तिगत जमानी दिँदा निवेदक विनोदबहादुर अमात्यसँगै बसेको देखिएको अवस्थामा त्यसको धेरैपछि मात्र अंश छोडपत्र गरी निवेदकले विवादित जग्गा प्राप्त गरेको देखिएकोले जमानीबमोजिम गरिएको कारोवारमा हस्तक्षेप गर्न मिल्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०७० साल वैशाख ३ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-WO-१०३२, उत्प्रेषण, *छेदुराम थारू वि. सोवाराम खत्रीसमेत*

निवेदकलाई मोहीबाट निष्काशन गरेको व्यहोरा निजले मिति २०५६।७।१७ मा नै थाहा जानकारी पाइसकेको अवस्थामा मौकामा कानूनी मार्ग अवलम्बन नगरी किन मिति २०६६।३।२८ मा प्रस्तुत रिट निवेदन दायर गर्नु पर्‍यो अर्थात् करीव ११ महिनापछि यति विलम्ब गरी रिट निवेदनको मार्ग अवलम्बन गर्नुपर्नाको कारण यस अदालतलाई सन्तुष्ट गर्नसक्ने गरी निवेदकले प्रस्तुत गर्न सक्नुपर्दछ । अन्यथा विलम्बको सिद्धान्तको आधारमा अदालतले न्याय प्रदान गर्न इन्कार गर्न सक्दछ । सुमित्रादेवी नेपालसमेत वि. पुनरावेदन अदालत, हेटौंडासमेत भएको रिट निवेदनमा "करीव आठ महिनापछि आदेश बदरका लागि रिट निवेदन गर्नुपर्नाको मनासिब माफिकको कारणबिना अनुचित् विलम्ब गरी यस अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्यभित्र प्रवेश गरी निर्णय हुनसक्ने अवस्था नदेखिन" भनी सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ । (फैसला कार्यान्वयनसम्बन्धी पहिलो भाग (२०१५-२०६२) भाग १३, पृष्ठ नं. ३३१) । यही सिद्धान्तलाई आत्मसात् गर्दै अन्य दर्जनौं मुद्दामा समेत मौकैमा अदालतमा रिट दायर नगर्नेलाई बिलम्बको सिद्धान्तको आधारमा रिट खारेज भएको देखिन्छ । प्रस्तुत रिट निवेदनमा निवेदकले निर्णयका सम्बन्धमा मौकैमा जानकारी पाइसकेपछि पनि यति ढिलो गरी अदालत आउनु पर्नाको बिलम्बको न्यायोचित् कारण प्रस्तुत गर्न नसकेको स्थितिमा उल्लिखित सिद्धान्तको आधारमा रिट निवेदन दावीसँग सहमत हुन नसकिने ।

मिति २०५४।३।३ को निर्णयका सम्बन्धमा मिति २०५६।७।१७ मा थाहा पाइसकेको अवस्थामा उचित समयभित्र उपचार माग गर्नुपर्नेमा ११ वर्षपछि अति विलम्ब गरी रिट निवेदन दायर गर्नुपर्नाको विश्वस्त आधार कारण प्रस्तुत गर्न नसकेको तथा निवेदकले सफा हात लिएर अदालत प्रवेश नगरी तथ्यलाई लुकाई रिट निवेदन दायर गरेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०७० साल वैशाख ३ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६-CR-००७०, मूल्य अभिवृद्धि कर, *सञ्जय श्रेष्ठ वि. आन्तरिक राजश्व कार्यालय, विराटनगर*

मूल्य अभिवृद्धि कर ऐन र नियमावलीको परिपालना प्रत्येक करदाताले गर्नुपर्दछ । कर छूट तथा सुविधाको माग गर्ने हो भने त्यसरी आफूले छूट तथा सुविधा पाउने कानूनी आधार प्रस्तुत गर्न सक्नुपर्ने ।

कानूनले छुट दिएको वस्तु वा सेवा खरीदमा मात्र मूल्य अभिवृद्धि कर छूट हुने स्पष्ट कानूनी

व्यवस्थाविपरीत करदाताले कर छूटमा बिक्री गरेको भनी दावी गरेकै भरमा छूट नपाउने हुँदा पुनरावेदक करदाताबाट मूल्य अभिवृद्धि कर र जरीवानासमेत जम्मा रू.८,६६,६२९।- असूल गर्ने गरी भएको प्रत्यर्थी आन्तरिक राजश्व कार्यालय, विराटनगरको मिति २०६४।५।४ को निर्णय र अन्तिम कर निर्धारण आदेश सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०७० साल वैशाख ३ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-०९४५, उत्प्रेषण, *दासुप्रसाद गन्गाई वि. सुकुम्बासी समस्या समाधान कार्यालय, जिल्ला समिति मोरङसमेत*

निवेदकले जुन निर्णयको आधारमा दावीका सार्वजनिक प्रयोगमा रहेका भनिएका जग्गाहरू वितरण गरिएको भनिएको हो सो निर्णयको अस्तित्व नै प्रमाणित हुन नसकेको अवस्थामा उत्प्रेषणको आदेश जारी हुनसक्ने अवस्था विद्यमान देखिन नआउने ।

साविक र हाल दुबै फिल्डबुकबाट दावीका जग्गाहरू खोलामा जनिई हालसम्म खोला नै जनिई नेपाल सरकारको नाममा दर्ता रहेको कुरा मिसिल संलग्न क्षेत्रीय उतार किताब र फिल्डबुकको प्रतिलिपि तथा मालपोत कार्यालय, मोरङको लिखित जवाफबाट प्रमाणित हुन आएको छ । यस तथ्यबाट पनि निवेदकले दावी गरेबमोजिम दावीका जग्गाका सम्बन्धमा सुकुम्बासी समस्या समाधान जिल्ला समिति मोरङबाट कुनै व्यक्ति विशेषलाई वितरण गर्ने गरी निर्णय नभएको भन्ने कुरा थप प्रमाणित हुन्छ । स्रेस्ता राख्ने सरकारी निकायको लिखित जवाफलाई अन्यथा भन्न मिल्ने नहुँदा निर्णयको अस्तित्व नै प्रमाणित हुन नआएको अवस्थामा उत्प्रेषणको आदेश जारी हुन नसक्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल वैशाख ४ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WH-००६३, बन्दीप्रत्यक्षीकरण, *सावित्री श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, कास्कीसमेत*

निवेदकले आफूलाई विपक्षीहरूले गैरकानूनी थुनामा राखेको भनी पुनरावेदन अदालत, पोखरामा दिएको रिट निवेदन खारेज हुने ठहरी आदेश भएको देखिएको र सो आदेशमा चित्त नबुझे सोउपर यस अदालतमा पुनरावेदन गर्ने हक र अवसर विद्यमान रहेबाट पुनरावेदन रोहमा बोल्नुपर्ने विषयमा प्रस्तुत रिट निवेदनबाट बोल्न मिल्ने अवस्था नदेखिँदा पुनरावेदन अदालत, पोखराको फैसलाउपर कानूनबमोजिम पुनरावेदन परे प्रस्तुत विषयमा पुनरावेदनको रोहबाट बोलिने नै हुँदा यस्तो स्थितिमा निवेदकको मागबमोजिमको आदेश जारी हुने हो होइन भनी अहिले प्रस्तुत रिट निवेदनको रोहबाट बोल्न मिल्ने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः भाष्कर पंज्ञानी

इति संवत् २०७० साल जेठ ७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-०६४६, लिखत दर्ता बदर दर्ता, *राजदेव राय यादव वि. भिखनैया देवीसमेत*

कस्तो अवस्थालाई मञ्जूरी मान्ने भन्ने सन्दर्भमा लेनदेन व्यवहारको १० नं. कै व्याख्याको क्रममा *नेकाप* २०६८, असार, नि.नं. ८५८७, पृष्ठ

५३७ मा स्पष्ट शब्दमा, "लिखतमा साक्षी बस्नु वा मञ्जूरीको लिखत हुनुलाई सगोलको आफूखुश गर्न नपाउने सम्पत्ति हस्तान्तरण प्रक्रियामा मञ्जूरी रहेको प्रत्यक्ष प्रमाण हो भने यसका अतिरिक्त मञ्जूरी आचरण तथा अन्य प्रमाणबाट प्रदर्शित हुने कुरा पनि हो । सम्पत्ति हस्तान्तरण गरेर अर्को उपयुक्त सम्पत्ति आर्जन गरिएको र सम्पत्ति हस्तान्तरण गरेर कुनै पारिवारिक दायित्व पूरा गरिएको जस्ता कुरा प्रमाणबाट पुष्टि हुन्छ भने पनि यस्ता कार्यलाई मञ्जूरी नै मान्नुपर्ने भई लिखत बदर गर्नुपर्ने औचित्य पुष्टि नहुने" भन्ने सिद्धान्त प्रतिपादित छ । प्रस्तुत मुद्दामा पनि बैंकबाट ऋण लिँदा धितो राखिएको जग्गा सो ऋण तिरी भोलिपल्ट नै केही राजीनामा गरिएको छ । बैंकको ऋण तिरिनु पारिवारिक दायित्वभित्रकै विषय हो । ऋण लिइने र ऋण तिरिने कार्यमा मञ्जूरी हुने पक्षले ऋण तिरिने जग्गा बिक्री हुने सांयोगिक कार्यमा मञ्जूरी छैन भन्न पाउने अवस्था नरहने ।

बिक्री भएको सम्पत्ति पैतृक नभएको तथा बिक्री गर्ने व्यक्ति रामनाथ घरको मुख्य व्यक्ति नभएको भन्ने पनि वादीको भनाई नरहेबाट सगोलमा छँदा बैंकबाट लिएको ऋण रकम तिर्न वादीका पति तथा पिता रामनाथले जग्गा बिक्री गरेको अवस्था देखिन्छ । घरको मुख्य व्यक्तिले पैतृक सम्पत्तिमा आधासम्म व्यवहार चलाउन आफूखुश गर्नसक्ने व्यवस्था अंशबण्डाको १९(१) ले गरेको र प्रतिवादी रामनाथ रायले आफ्नो नामको कि.नं. ४६ को क्षेत्रफल २-३-५ मध्ये आधाभन्दा कम अर्थात् ०-१६-० जग्गा सगोलमा छँदा लिएको बैंकको ऋण रकम तिर्न बिक्री गरेको देखिएको अवस्थामा अंशबण्डाको १९(१) नं. ले पनि सो बिक्री गरेको व्यवहार अन्यथा हुने अवस्था नदेखिँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः भाष्कर पंज्ञानी

इति संवत् २०७० साल जेठ ७ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०७३०, अंश चलन, *कृष्णबहादुर गुरुङसमेत वि. श्रेया गुरुङ*

आनुवंशिक (डीएनए) परीक्षण अदालतलाई पक्षहरूका बीच नाता सम्बन्ध यकीन गर्न द्विविधा भए आफ्नो सन्तुष्टिका लागि गराइने प्रक्रिया हो । पक्षले माग गर्दैमा आनुवंशिक परीक्षण (डीएनए) गराउन आवश्यक छैन । अन्य प्रमाणले नै पक्षहरूको बीचको नाता सम्बन्धमा निष्कर्षमा पुग्न सकिन्छ भने यस परीक्षणको आवश्यकता पर्दैन । अदालतमा सम्पन्न मिलापत्रले नै आफ्नी छोरी स्वीकार गरिसकेको पक्षले पछि आएर निज आफ्नी छोरी नै होइन आनुवंशिक परीक्षण (डीएनए) गराईपाऊँ भन्दैमा साधिकार निकायमा कानूनबमोजिम सम्पन्न मिलापत्र अन्यथा नभएकोमा यस्तो आदेश गर्न आवश्यक नहुने ।

विवादित तथ्यको न्यायिक निरोपण गर्न अदालतबाट आवश्यक र सम्बद्ध देखिएको प्रमाण मात्र अदालतले आदेश गरी बुझ्ने हो । मिसिल संलग्न सबूद प्रमाणहरूबाट विवादित तथ्यको यकीन गर्न पर्याप्त देखिन्छ र अदालतले अरू थप प्रमाण बुझ्न आवश्यक र उपयुक्त देख्दैन भने पक्षको आग्रहमा मात्र अरू थप प्रमाण बुझी विवादलाई बढाइरहन आवश्यक र उचित हुँदैन । त्यसकारण मिसिल संलग्न सम्बन्ध बिच्छेद् मुद्दाको मिलापत्र, नागरिकताको प्रमाणपत्र, प्याराजुङ्ग गा.वि.स.को सिफारिशपत्र, अ.बं. ८० नं. बमोजिम नाता सम्बन्धमा बयान गर्ने वादीको आमा पुष्पा गुरुङले गरेको किटानी बयान समेतका कागज प्रमाणबाट प्रतिवादी कृष्णबहादुर गुरुङ र वादी श्रेया गुरुङबीच बाबु छोरी नाता रहेको पुष्टि भैरहेको देखिँदा पुनरावेदन जिकीरअनुसार आनुवांशिक (डीएनए) परीक्षण गर्न आदेश जारी गरी प्रमाण बुझिरहन आवश्यक नदेखिने ।

दूरमति गुरुङले पिता प्रतापसिँह गुरुङबाट बकसपत्रबाट जग्गा पाएकोमा विवाद देखिँदैन। प्रतिवादीहरू दूरमति गुरुङ र कृष्णबहादुर गुरुङ आमा छोरा नाताका व्यक्तिहरू भई निजहरूबीच हालसम्म अंशबण्डा नभएको भन्ने मिसिलबाट देखिएको छ। आमाबुबाको नाममा रहेको सम्पत्ति जुनसुकै स्रोतबाट प्राप्त भएको भए तापनि छोराछोरीको लागि पैतृकसरह मान्नुपर्ने हुन्छ। माथिल्ला पुस्ताले जुनसुकै स्रोतबाट प्राप्त गरेको सम्पत्ति भए तापनि तल्लो पुस्ताका अंशियारको लागि पैतृक सम्पत्तिकै रूपमा रहने भनी यस अदालतबाट *नेकाप* २०६४ जेठ, नि.नं. ७८१४, पृष्ठ १४० समेतमा सिद्धान्तसमेत प्रतिपादन भएको पाइएकोले प्रतिवादी दूरमतिले बकस पाएको सम्पत्ति निजको छोरा कृष्णबहादुर गुरुङले पैतृकसरह अंश पाउने र कृष्णबहादुरको अंश हक रहने त्यस्तो सम्पत्तिबाट निजकी छोरी यी वादीले पनि अंश पाउने।

विवाह हुन बाँकी अंशियारहरू, प्रतिवादीहरू रामकुमार, मनीष, शर्मीला र वादी श्रेया गुरुङ देखिँदा निजहरूलाई अंशबण्डाको १७ नं अनुसार विवाह खर्च पर सार्नुपर्नेमा विवाह खर्च पर नसारेको फैसला सो हदसम्म मिलेको नदेखिँदा तायदाती फाँटवारीबाट उल्लिखित सम्पूर्ण सम्पत्तिलाई प्रतिवादीहरू दुरमति र कृष्णबहादुरको बीच दुई भाग गरी एक भागमध्येबाट विवाह हुन बाँकी उल्लिखित अंशियारहरूलाई अंशबण्डाको १७ नं. अनुसार विवाह खर्च पर सारी बाँकी सम्पत्तिबाट वादीले ६ भागको १ भाग अंश पाउने ठहर्‍याउनु पर्नेमा सोबमोजिम नगरेको हदसम्मको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नदेखिँदा केही उल्टी हुने।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः भाष्कर पंज्ञानी

इति संवत् २०७० साल जेठ ८ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०७३१, मानाचामल, *कृष्णबहादुर गुरुङसमेत वि. श्रेया गुरुङ*

आफ्नो छोरी नाताको व्यक्ति नै नभएकी वादी श्रेया गुरुङले मानाचामल भराईपाऊँ भनी दिएको फिराद हकदैयाको अभावमा खारेज गर्नुपर्नेमा विवादको तथ्यभित्र प्रवेश गरी बाबु छोरी नाता कायम गरी लगाउको अंश चलन मुद्दामा वादीले अंश पाउने ठहर्‍याई फैसला भैसकेकाले मानाचामल भराई पाऊँ भन्ने वादी दावी नपुग्ने ठहर्छ भनी मुद्दाको तथ्यभित्र प्रवेश गरी गरेको फैसलामा चित्त नबुझेको भन्ने पुनरावेदकको पुनरावेदन जिकीर छ। सो सम्बन्धमा विचार गर्दा यसै लगाउको अंश चलन मुद्दा र प्रस्तुत मुद्दा लगाउको भई उक्त मुद्दामा लिएको आधार र कारणबाट वादी श्रेया गुरुङ, प्रतिवादीमध्ये कृष्णबहादुर गुरुङकी छोरी नाताकी व्यक्ति देखिई निज वादीले प्रतिवादीबाट अंश पाउने ठहरी फैसला भैसकेको अवस्था छ। यस्तो अवस्थामा वादीले दिएको फिराद हकदैयाको अभावमा खारेज हुनसक्ने अवस्था विद्यमान नहुँदा फिराद खारेज नगरी मुद्दाको तथ्यभित्र प्रवेश गरेको शुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः भाष्कर पंज्ञानी

इति संवत् २०७० साल जेठ ८ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CR-०७१७, ठगी, *अजीतराज ढुंगेल वि. नेपाल सरकार*

अ.बं. २०५ नं. ले पुनरावेदन नगर्ने पक्षलाई पनि उन्मुक्ति दिन सकिने कानूनी प्रवन्ध अवश्य गरेको छ। तर, यस अदालतमा पुनरावेदन गर्ने कानूनी अधिकार भएका व्यक्तिले

पुनरावेदन नगरे पनि अरू पुनरावेदनबाट जाँचिदा पुनरावेदन नगर्ने पक्षका हकमा पनि इन्साफ वा सजाय उल्टिने अवस्था देखिएमा मात्र पुनरावेदनसरह निजका हकमासमेत उल्टाई छिनिदिनु पर्ने ।

ऋण लगानी गर्दा वा संस्थाको व्यापारिक कारोवारको फलस्वरूप चेक जारी गर्दा ऋण लगानी गर्ने संस्थाकै पदाधिकारीको नाउँमा चेक जारी गर्नुपर्ने व्यवस्था न त सहकारी ऐन, २०४८ मा उल्लेख छ, न त सो सहकारी संस्थाको विनियमावलीमा नै उल्लेख छ । न त उक्त चेक आश्मा वचत तथा ऋण सहकारी संस्था काठमाडौंका नाममा काटिन नसकिने कुनै कारण नै विद्यमान छ । राजु श्रेष्ठका नाममा काटिएको चेकका हकमा मुद्दा आरम्भ भएपछि संस्थालाई महेन्द्र हाडामार्फत् रकम दिइएको भन्ने प्रतिवाद कथन विश्वसनीय देखिँदैन । सहकारीको रकम आफूखुशी नियम, विनियम तथा संस्थागत प्रक्रिया बाहेक खर्च गरिन सक्दैन । यस्ता कार्यमा आपराधिक मनसाय थिएन भन्न सकिँदैन । मुद्दा आरम्भ भैसकेपछिका कुनै भनाई वा पत्राचार विवादित कार्य हुँदाका कुनै अभिलेखबाट पुष्टि नभएमा सोलाई प्रमाणका रूपमा ग्रहण गरी कुनै न्यायिक अवधारणा बनाउन मिल्दैन । यसरी ऐन विनियमको व्यवस्था नै नगरेको प्रक्रिया अपनाई संस्थाको कुनै कारोवार गरिन्छ भने सो कार्यमा संलग्न व्यक्ति व्यक्तिगत रूपमा जिम्मेवार हुनुपर्ने ।

कर्जा कारोवारको सम्बन्धमा कुनै संस्थाका सञ्चालक समितिको बैठकबाट कुनै पनि निर्णय भएको नदेखिएको र सोबमोजिम कर्जा लिने दिने सम्बन्धमा करार ऐन, २०५६ बमोजिमको करारको लिखत पनि तयार भएको नदेखिएको अवस्थामा उक्त दुबै चेकबाट हस्तान्तरण भएको संस्थाको रकम सस्थागत कारोवारको लागि भएको भन्न सकिने अवस्था रहेन । त्यसमाथि प्रतिवादीको दस्तखतबाट जारी भएको उक्त चेक काठमाडौंमा रहेको सहकारी संस्थाको नाममा जारी भएको नभई आश्मा सहकारी संस्था नेपालगञ्जकै उपाध्यक्ष राजु श्रेष्ठकै नाउँमा जारी भएको छ । कानूनी व्यक्तित्व प्राप्त गरिसकेको संस्थाबाट भएको उल्लिखित व्यवहार कानूनबमोजिमको सद्दे र साँचो व्यवहार हो भन्ने देखिन नआउने ।

वस्तुतः ठगी जस्तो फौजदारी कसूरमा मनसाय तत्व पत्ता लगाउन त्यस सम्बन्धमा भए गरेको कार्यलाई नै हेरिने हो । अभियुक्तले अनुसन्धानको क्रममा वा अदालतको बयानमा के कस्तो जिकीर लिएको छ भन्ने भन्दा पनि सम्बद्ध लिखत प्रमाणले के बोलिरहेका छन् त्यो हेरिने हो । प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा पनि आफूले संस्थाको पदीय हैसियतमा असल नियतले कर्जा लिनुदिनुको कारोवार गरेको र आफ्नै पहलमा उक्त रकम फिर्ता गर्ने प्रयास गरेको भन्ने जिकीर लिएको पाइन्छ । परन्तु, उक्त संस्थाको प्रवन्धकसमेत रहेका यी पुनरावेदक प्रतिवादीलाई माथि उल्लेख भएको कानूनी व्यक्तित्व प्राप्त संस्थाले कारोवार गर्दा अपनाउनु पर्ने सामान्य प्रक्रियाको पनि ज्ञान थिएन भन्न सकिते अवस्था छैन । ठगीको कसूर भयो कि भएन भन्नका लागि तत्काल घटित कार्यलाई नै हेरिने हो । पुनरावेदक प्रतिवादीको अर्को संस्थाको नाउँमा कर्जास्वरूप रकम दिई आफ्नो पदीय दायित्व निर्वाह गरेको भनी जिकीर लिए पनि उक्त रकम आफ्नै संस्थाको उपाध्यक्षको नाउँमा चेक काटी सो रकम सम्बन्धित संस्थालाई धोका दिई गफलतमा पारी दुरूपयोग गरी संस्थालाई हानि नोक्सानी र सम्बन्धित व्यक्तिलाई लाभ पुऱ्याउने उद्देश्यले दिइएको कार्यबाट ठगी गर्ने मससाय स्पष्ट हुने ।

इजलास अधिकृतः विश्वराज भट्टराई
कम्प्युटरः भाष्कर पंज्ञानी
इति संवत् २०७० साल वैशाख १० गते रोज ३ शुभम् ।

**इजलास नं. ५**

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०६४७, जालसाजी, *शारदा घिमिरे वि. भगवती फुयालसमेत*

जालसाजीको कसूर आफ्नो फाइदा र अरूको नोक्सानी पुऱ्याउने नियतले गैरकानूनी कागजको माध्यमबाट व्यक्तिद्वारा व्यक्ति विरुद्ध गरिने फौजदारी प्रकृतिको अपराध भएबाट जालसाजीको अपराध स्थापित हुन आपराधिक कार्य र सो कार्य गर्ने आपराधिक मनसायको पुष्टि हुनैपर्दछ। कुनै पनि कार्य स्वत: जालसाजीपूर्ण हुने होइन। जालसाजी हुन अंश लाग्ने सम्पत्ति बिक्री भई प्राप्त हुने अंश भागमा प्रतिकूल असर पऱ्यो भन्नु मात्र पर्याप्त नहुने।

फौजदारी विवाद अपराधसँग जोडिने भएबाट कर्ताको मनसाय तत्व मूलरूपमा हेरिनुपर्दछ भने देवानी विवादको जरो साम्पत्तिक र पदीय हकसमेत गाँसिने भएबाट कानूनद्वारा संरक्षित हकमा आघात पुग्न जाने।

आफ्नो मञ्जूरी बिना घरव्यवहार चलाउन आफूखुशी गर्न पाउने हदभन्दा बढी जग्गा बिक्री भएबाट फौजदारी कार्य अर्थात् जालसाजी भयो भन्ने वादी दावीका सन्दर्भमा कीर्ते कागजको ३ नं. को परिधिभन्दा बाहिर जान नमिल्ने।

झूठा कुरालाई सद्दे हो भनी लिखित रूपमै काम सम्पन्न गरी अर्कालाई हानि नोक्सानी पुऱ्याउनु जालसाजीको आपराधिक कार्य हो। घरव्यवहार चलाउन आफूखुशी गर्न पाउने हदभन्दा बढी बिक्री गर्नुसँग झूठा कुरालाई सद्दे भनी लिखत गरिएको भन्न नमिल्ने।

दावीकर्तालाई प्रत्यक्ष हानि नोक्सानी पुगेको छैन, लिखत गरी लिने वा दिने दुवै वा एक पक्षको गैरकानूनी मनसायको अभाव छ र त्यस्ता लिखत पारीत गर्ने क्रममा तेस्रो पक्षलाई हानि नोक्सानी पुऱ्याउने कपटपूर्ण नियत राखी कार्य भएको प्रमाण छैन भने त्यस्तो कार्य जालसाजीको कार्य हुन नसक्ने।

विभिन्न वैकल्पिक उपचार मार्गहरू विद्यमान भएको अवस्थामा पक्षले आफूलाई सहज पर्ने बाटो अवलम्बन गर्न नसक्ने भन्ने होइन। तर गलत तथा सुनिश्चित उपचार विधि उपभोग गर्ने म्याद व्यतीत गरी अन्य मार्ग अवलम्बन गर्नु हुँदैन। यस्तो गलत मार्ग अनुशरण गर्ने पक्षलाई अदालतले मद्दत गर्न नसक्ने।

जुन लिखतका आधारमा जग्गा दर्ता भएको हो सोही मूल दावी दर्ता बदरमा नै दावी नपुग्ने भनी ठहर भएको फैसला अन्तिम भएको स्थितिमा उक्त लिखत जालसाजपूर्वक खडा भएको भनी अर्थ गर्न नमिल्ने।

म्यादभित्रै उपयुक्त उपचारको मार्ग नअपनाई लिखत बदरमा दावी गर्ने हदम्याद व्यतीत गरी अर्को बाटो जालसाजको माध्यमबाट जालसाजीका तत्वहरू प्रकट रूपमा नदेखाई लिखत बदर हुनपर्ने देवानी तत्वका आधारमा आउन कानूनत: नमिल्ने।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-०६४८, जालसाजी, *शारदा घिमिरेसमेत वि. भगवती फुयालसमेत*
- ०६७-CR–०६४९, जालसाजी, *डिल्लीप्रसाद फुयालसमेत वि. भगवती फुयालसमेत*

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९-WO-०५१३, परमादेश, *अधिवक्ता दीपकविक्रम मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विपक्षीहरूले सार्वजनिक सडक विस्तार गर्ने सिलसिलामा सार्वजनिक सडक सम्बन्धमा सडक ऐन, २०३१ मा भएको कानूनी व्यवस्थाअनुसार नै कार्य गरेको देखिएको र सो

सम्बन्धमा मापदण्ड बनी लागू भएको र पुरातात्विक महत्त्वका मठ मन्दिर स्मारक आदिको संरक्षण र सम्बर्द्धन गर्ने नै सरकारको अभिप्राय रहेकोसमेत देखिन्छ भने विपक्षीहरूको सो कार्यबाट प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को उल्लङ्घन भई पुरातात्विक वस्तुको हानि नोक्सानी भए गरेकोसमेत स्थापित हुन आएन । कार्य सम्पन्न भैसकेको भन्ने पनि प्रतिवाद कथन रहेबाट यस अवस्थामा समेत रिट जारी गर्नुको औचित्य नदेखिने ।

अतिक्रमित सार्वजनिक सडक खाली गराउने क्रममा विपक्षीहरूबाट भएको कानूनबमोजिमको कार्यले निवेदकहरूको हकाधिकारमा कुनै असर परेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल वैशाख १९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WO-०९९३, उत्प्रेषण, *भक्तकुमारी भुजेल वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका काठमाडौंसमेत*

रिट निवेदन जिकीरबमोजिमको कागज विपक्षीहरूले गराएका हुन् भन्ने कुराको आधार रिट निवेदकले देखाउन सकेको छैन । रिट निवेदनमा दावी लिएकै आधारमा मात्र विपक्षीहरूले निवेदकबाट जवर्जस्ती कागज गराएको मान्न मिल्ने देखिँदैन । निवेदन लेखबमोजिम कागज गराएको स्थापित नभएको र त्यसरी निवेदकबाट जवर्जस्ती कागज गराएकै कानूनबमोजिम प्रमाणित भए पनि त्यसरी गराएको कागजले कानूनी मान्यता पाउन नसक्ने ।

तथ्ययुक्त आधार प्रमाण बेगर विपक्षीहरूले रिट निवेदकसँग जवर्जस्ती कागज गराएको भन्न मिल्ने अवस्था नहुँदा निवेदकको मागबमोजिमको रिट जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल वैशाख १९ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०३३१, दाइजो धनमाल फिर्ता, *श्यामबहादुर श्रेष्ठ वि. हिसिला कायस्थ*

सामाजिक परम्पराअनुसार सम्पन्न हुने विवाहमा दाइजोको रूपमा केही सामान बधुले प्राप्त गर्ने कुरा सामान्य प्रचलनको रूपमा रहेको कुरालाई इन्कार गर्न सकिँदैन । उक्त विवाहमा वादीले दाइजो वा पेवाको रूपमा कुनै पनि धनमाल प्राप्त गरेकी थिइनन् भनी प्रतिवादीले तथ्ययुक्तरूपमा खण्डन गर्न सकेको अवस्थासमेत छैन । वादी माइतीघर जाँदा सामान लगेको भनी प्रतिवादीले उल्लेख गरेबाट वादीले धनमाल नल्याएको भन्ने निजको भनाई विश्वासप्रद छैन । वादीले आफ्ना सामान र तिनको मूल्यसहितको फेहरिस्त फिरादपत्रमा उल्लेख गरेकोमा सामान र मूल्यको खण्डन प्रतिउत्तर पत्रमा नभई केवल ती सामान वादी आफैँले लगेको भन्ने प्रतिवाद छ । यसबाट सामान र त्यसको फिरादमा उल्लेख भएको मूल्यमा मुख मिलेको हुँदा बलपूर्वक घर छाड्न बाध्य बनाइएकी वादीले प्रतिवादीबाट दाइजो धनमाल फिर्ता पाउने नै देखियो । तर, के कति धनमाल वा सो बराबरको रकम यी वादीले प्रतिवादीबाट पाउने हुन् भन्नेतर्फ विचार गर्दा फिरादपत्रका पृष्ठ ५ प्रकरण नं. ५५ र ५६ मा उल्लेख भएको सुनका सिक्री, औंठी, चुरा, झुम्का, टप तथा चाँदीका पाउजु र कल्लीका मूल्य रू. १,७६,५००।- बराबरका सुन र गरगहना वादीको साथमा नै रहने प्रकृतिका त्यस्ता धनमाल वादीले प्रतिवादीलाई जिम्मा छाडेको भन्ने तथ्यगत व्यहोरा निज वादीले उल्लेख गर्न तथा प्रमाणित गर्न नसकेको भनी पुनरावेदन अदालतले नदिलाएका हकमा वादीको

यस अदालतमा पुनरावेदन दायर भएको पाइएन । पुनरावेदन नगर्नुको अर्थ सो फैसला खण्डमा चित्त बुझाउनु हो । पुनरावेदन नै नपरेको विषयमा प्रवेश गर्नुपर्ने अवस्था नहुने ।

फिराद पत्रको पृष्ठ ५ प्रकरण नं. ५५ र ५६ मा उल्लेख भएको बाहेक अन्य धनमाल स्वाभाविकरूपमा प्रत्यर्थी वादीले दाइजोको रूपमा लगेका र ती सरसामान प्रतिवादीसँग रहेको सो फिर्ता गर्नुपर्ने भएबाट फिरादपत्रमा उल्लेख भएबमोजिमको भए सोही धनमाल र नभएमा सो धनमाल बराबरको रकमसम्म वादीले प्रतिवादी श्यामबहादुर श्रेष्ठबाट दिलाई भराई पाउने हुँदा शुरू भक्तपुर जिल्ला अदालतको मिति २०६४।९।१७ को फैसला केही उल्टी गरी धनमाल भए सोही धनमाल र नभएमा रू. १,१३,७४५।- बराबरको रकम वादीले प्रतिवादी श्यामबहादुर श्रेष्ठबाट भरिपाउने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल जेठ १ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-CI-०९२२, अंश दर्ता नाता कायम, *सवीरकुमार चौधरीसमेत वि. लीलाकुमारी चौधरी*

कानूनबमोजिम तामेल भएको सूचनामा वादी हाजीर भई प्रतिवाद गर्न सकेको नदेखिएको अवस्थामा पुनरावेदक वादीले पुनरावेदन गर्दा प्रत्यर्थी वादी लीलाकुमारी चौधरीले जिल्ला सुनसरी बकलौरी २ बस्ने शम्भु चौधरीसँग मिति २०६१।६।१२ मा विवाह गरी सँगै रहेको भनी गाउँ विकास समितिको कार्यालय, हडियाको सिफारिशपत्रसमेत पेश गरेको अवस्थामा प्रतिवादीको सो जिकीर अन्यथा भन्न मिल्ने देखिएन । प्रत्यर्थी वादीले शम्भु चौधरीसँग विवाह गरेको भन्ने देखिँदा निज वादी लीलाकुमारी चौधरीको पुनरावेदक प्रतिवादी सवीरकुमार चौधरीसँग २०६१।६।१२ पछि लोग्ने स्वास्नीको नाता कायम राखी राख्न मिल्ने देखिएन । निजहरूको बीचमा लोग्ने स्वास्नीको नाता २०६१।६।१२ पछि पनि कायम रहने ठहर्‍याई पुनरावेदन अदालतबाट भएको फैसला परिवर्तित परिस्थिति र प्रमाणका कारणले मिलेको नदेखिँदा यो हदसम्म उल्टी हुने ।

परिवर्तित परिस्थितिमा पुनरावेदक प्रतिवादी सवीरकुमार चौधरी र प्रत्यर्थी वादी लीलाकुमारी चौधरीबीच लोग्ने स्वास्नीको नाता उपरोक्तानुसार कायम नहुने ठहर भएको र उदयपुर जिल्ला अदालतबाट मिति २०६१।६।२९ र पुनरावेदन अदालत, राजविराजको मिति २०६२।४।२६ को फैसलाअनुसार बण्डा छुट्‍याई पाऊँ भनी वादीले शुरू जिल्ला अदालतमा दरखास्त दिएकोसमेत मिसिलबाट नदेखिएको हुँदासमेत प्रतिवादीहरूबाट वादीले अंश पाउने देखिएन । वादीले अंश पाउने ठहर्‍याई उदयपुर जिल्ला अदालतबाट भएको फैसला सदर गरी पुनरावेदन अदालत, राजबिराजबाट मिति २०६२।४।२६ मा भएको फैसला उल्टी भई वादीले अंशसमेत नपाउने ।

प्रतिवादी सवीरकुमार चौधरी र वादी लीलाकुमारी चौधरीको बीचमा पछिबाट विकसित परिस्थितिको कारणबाट लोग्ने स्वास्नीको नाता कायम नरहेको कारणले मात्र निज सवीरकुमारकै छोरी ठहरेको अवस्थामा छोरीको हक बञ्चित हुने अवस्था हुँदैन । निज साहराको जन्म २०५८ कार्तिकमा भएको भन्ने देखिँदा नाबालिका भएकोले निजलाई अ.बं. १३९ नं. प्रयोग गरी म्याद जारी गरी झिकाउन व्यवहारिक नदेखिने हुँदा साहरा चौधरीले विधिवत दावी गरी यी पुनरावेदक प्रतिवादी सवीरकुमार चौधरी निजको बाबु नाता ठहरेको अवस्थामा निजले प्रचलित कानूनबमोजिम अंश पाउने हक सुरक्षित नै रहने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल वैशाख १७ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RC-००६२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रमेश भन्ने रत्नबहादुर वि.क.*

आफूले चलाएको सवारीसाधनबाट मानिस खसी घाइतेसम्म भएकोलाई आफूले उपचार गर्नुपर्ने र त्यसो गर्दा रकम खर्च हुने भन्ने स्वार्थी तथा दूषित धारणाबाट प्रेरित भई पूर्वपरिचित मित्रको रूपमा रहेका मित्र घाइतेको उपचार गर्न कुनै सामान्य प्रयाससम्म नगरी नजिकको स्वास्थ्य संस्थामा लाने कोशिस नगरी अमानवीय चरित्र प्रदर्शन गरेको पाइन्छ । यति मात्र नभई घाइते अवस्थामा मात्र रहेको व्यक्तिको टाउकोमा ढुङ्गाले प्रहार गरी ज्यान लिएको देखिन्छ । पूर्व मार्ने योजना रहेको नदेखिएता पनि घाइते भएपश्चात् उपचार गर्न लगेमा आफ्नो रकम खर्च हुने ठानी घाइतेलाई मार्ने तत्काल मनसाय सिर्जित भएको भन्ने घटना विवरणबाट देखिन्छ । ज्यान मार्ने मनसाय पहिलेदेखि रहनु वा तत्काल उत्पन्न हुनुबाट आपराधिक दायित्वमा फरक पर्नसक्ने अवस्था रहँदैन । ट्र्याक्टरबाट खसी घाइतेसम्म भएका रोमराम सार्कीलाई यी प्रतिवादी रत्नबहादुर वि.क.ले ढुङ्गाले टाउकोमा प्रहार गरी मारेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भैरहेको देखिँदा मृतकको मृत्युलाई सांयोगिक मात्र मान्न मिल्दैन । शव परीक्षण प्रतिवेदनबाट मृत शरीरमा हानेको चोट देखिएका छन् । मृतक रोमराम सार्कीको मृत्यु प्रतिवादी रमेश भन्ने रत्नबहादुरले गरेको प्रहारबाट भएको देखिँदा निज प्रतिवादी रमेश भन्ने रत्नबहादुर वि.क.लाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७० साल जेठ ३ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CR-०८६५, कर्तव्य ज्यान, *हरिहर पाल वि.नेपाल सरकार*

शव परीक्षण प्रतिवेदन, घटनास्थल लास जाँच मुचुल्का तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको बकपत्र समेतबाट प्रमाणित भैरहेको अवस्थामा प्रतिवादीले आफ्नी श्रीमती बन्दना पालको हत्या गरेको प्रमाणित भैरहेको हुँदा निजलाई अभियोग दावीबमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी शुरू सुनसरी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट मिति २०६८।३।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने अपराधमा सजाय निर्धारण गर्दा अ.बं. १८८ नं. ले न्यायकर्तालाई सजाय कम गर्न तजवीजी अधिकार दिएको छ । तर, सो तजवीजी अधिकारको प्रयोग कुनै खास अवस्था र परिस्थिति देखिएको अवस्थामा मात्र प्रयोग गर्नुपर्ने हुन्छ । प्रतिवादीले अपराध गर्दा अपराध गर्नुपर्ने परिस्थिति, अवस्था, अपराध गर्ने व्यक्तिको उद्देश्यसमेतलाई विचार गरी उक्त तजवीजी अधिकार प्रयोग गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले मृतक बन्दना पाललाई हसियाले प्रहार गरी हत्या गरेको कुरामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत सावित भई बयान दिएको देखिँदा निजले अनुसन्धान अधिकारी र अदालतलाई समेत मुद्दाको अनुसन्धान तथा कारवाही प्रक्रियामा सरल बनाएको देखिन्छ । अपराध गर्नु पछाडिको कारक तत्त्व हेर्दा मृतक श्रीमती र आफ्नै भाइका बीचमा अनैतिक यौन सम्बन्ध भएको आधारमा मानसिक तनावमा आई श्रीमतीको हत्या गरेको देखिएको र निजको आर्थिक अवस्था कमजोर भई छोराछोरीको पालनपोषण आफैंले. गर्नुपर्ने अवस्था विद्यमान देखिन्छ । यसरी वारदात हुनुपर्ने अवस्था र परिस्थितिलाई विचार गर्दा प्रतिवादीको सजाय

घटाई १० वर्ष मात्र कैद गर्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट व्यक्त भई आएको राय मनासिब नै देखिन आयो । न्यायकर्तालाई सजाय कम गर्नसक्ने गरी अ.बं. १८८ नं. ले दिएको तजवीजी अधिकार प्रयोग गरी व्यक्त गरेको राय घटाईपाऊँ भन्ने अधिकार पुनरावेदक प्रतिवादीलाई नहुँदा सुनसरी जिल्ला अदालतबाट व्यक्त भएको राय नै कायम हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल वैशाख १६ गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** दे.पु.नं. ०६५-CI-०६३२, दर्ता नामसारी हक कायमसमेत, *मु.स.गर्ने तेजलक्ष्मी सिनारी श्रेष्ठ वि.ज्ञानलाल सिनारी श्रेष्ठ समेत*

तल्लो निकायबाट सबूद प्रमाण नै नबुझी इन्साफ हुन गएमा पुनः निर्णयार्थ जिल्ला अदालत पठाउँदा अनाहक मुद्दामा ढिलाई भई पक्ष विपक्षलाई अनावश्यक हैरानी नहोस् भन्ने हेतुले पुनरावेदन अदालतबाट सबूद प्रमाण बुझी इन्साफ हुन सक्ने । तर जिल्ला अदालतबाट इन्साफ नदिई खारेजी फैसला भएकोमा पुनरावेदन अदालतबाट ठहर इन्साफ फैसला हुँदा पुनरावेदन वा पुनरावेदकको न्यायप्राप्तिको प्रयासको एक तह हरण हुन जाने ।

शुरूबाट खारेजी फैसला भएकोमा सबूद प्रमाण बुझी निर्णयार्थ शुरू तहमा पठाउनु न्यायोचित नै हुने ।

पुनरावेदन सुनी यथोचित निर्णय गर्न पाउने पुनरावेदन अदालतको अधिकारमा कुनै कानूनले कुनै अवस्थामा वा कुनै प्रक्रिया पुऱ्याउनुपर्नेमा वा सुनुवाइमा रोक नलगाएसम्म पुनरावेदन अदालतबाट पुनरावेदन सुनी सदर बदर वा उल्टी गर्न सक्ने ।

जिल्ला अदालतबाट सबूद प्रमाणको मूल्याङ्कन गरी रैकर विर्ता छुट्याई निर्णय इन्साफ नभएकाले खारेजी फैसला भएकोमा सबूद प्रमाण बुझी निर्णय गर्न पुनरावेदन अदालतले जिल्ला अदालतमा पठाउन सक्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०७० वैशाख ८ गते रोज १ शुभम्

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-CI-१२७५, घर भत्काई खिचोला मेटाईसमेत, *विष्णुमाया महर्जनसमेत वि. बसुनारायण महर्जन*

जुन घर भत्काई पाऊँ भनी वादीले दावी लिएको हो सो घर जग्गा वादीले बकसपत्रबाट पाएको देखिए पनि सगोलको हो भनी विवाद प्रतिवादीबाट उठिरहेको र वादी प्रतिवादीबीच अंशबण्डा भैसकेको नभई सगोलमा बसी अंशियारा रहेको तथ्यमा दुबैको मुख मिलेकोले यस अवस्थामा स्वआर्जन वा अंश लाग्ने सम्पत्ति हो होइन भनी घर भत्काई खिचोला मुद्दाबाट निर्णय गर्न सकिने अवस्था नरहेको र सगोलका अंशियारबीच जग्गा खिचोलाको स्थिति नआउने र त्यस्तो जग्गामा बनेको घरमा पनि दुई छुट्टाछुट्टै बेसरोकारका व्यक्तिबीचको विवाद भएको जस्तो गरी भत्काउने अवस्था हुने देखिन नआउने ।

सगोल परिवारबीचको कुनै सम्पत्ति बण्डा लाग्ने हो होइन भनी अंश मुद्दा परेको बखत निर्णय हुने विषयवस्तु भएको र सगोल परिवारबीच अंशको मुद्दा नै नपरेको अवस्थामा उनाउ बेसरोकारवाला व्यक्तिहरूबीचको जग्गा खिचोलाको वारदात वा तथ्य सिर्जित नहुने हुनाले त्यसमा बनेको घर भत्काई पाऊँ भन्ने सगोल अंशियारको वादी दावी

अंशियारबीचकै प्रतिवादी विरूद्ध लाग्न नसक्ने हुँदा वादी दावी पुग्न सक्ने अवस्था देखिन नआउने ।

वादी दावी पुग्न नसक्ने ठहऱ्याई फैसला गर्नुपर्नेमा सो नगरी वादी दावी पुग्न सक्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६४।१।५ गतेको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । साथै शुरू जिल्ला अदालतबाट मिति २०६३।९।६ मा फैसला हुँदा फिराद दावी खारेज गर्ने ठहऱ्याएको फैसलासमेत वादी दावी पुग्न नसक्ने भन्नुपर्नेमा सो हदसम्म नमिलेको हुँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल जेठ ६ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०२५३, हातहतियार खरखजाना, *परमात्मा भण्डारी वि. नेपाल सरकार*

हातहतियार खरखजाना ऐनको दफा २ को खण्ड घ मा "खरखजाना" भन्नाले फगसिग्नल (धूमिका संकेत), फ्यूज, बारुद केप, गोला, छर्रा, पड्काउने वस्तु (डिटोनेटर), कार्तुस, त्यस्तै किसिमको विष्फोटक पदार्थ र अरू खरखजनाहरू समेतलाई जनाउँछ भन्ने र त्यस्तै सोही दफाको खण्ड (ग) मा "हातहतियार" भन्नाले राइफल, बन्दुक, पेस्तोल, रिभाल्भर, माइनिङ्ग र ग्रिनेड, त्यसका पार्टपूर्जाहरू र त्यस्तो हातहतियार बनाउने कल मेशिनलाई समेत जनाउँदछ भन्ने उल्लेख भएको पाइँदा उल्लिखित गोली राख्ने कार्य र प्रतिवादीहरूबीच एक अर्कोमा हातहतियार राख्ने र लिनेदिने कार्य गरेको पनि प्रस्तुत हातहतियार तथा खरखजाना ऐनअन्तर्गतकै कसूर भएको देखिने ।

प्रतिवादीले हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) बमोजिम कसूर गरेका रहेछन् भन्ने कुरा स्पष्टरूपमा देखिन आएकोले निजले गरेको कसूरको प्रकृति र अवस्थालाई हेर्दा शुरू जिल्ला प्रशासन कार्यालय, बर्दियाले सोही ऐनको दफा २० (२) बमोजिम प्रतिवादी परमात्मा भण्डारीलाई ३ वर्ष कैदको सजाय हुने ठहर गरेको फैसला केही उल्टी गरी रू. ६०,०००।- जरीवाना मात्र हुने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६६।१२।१६ को फैसला मिलेकै देखिँदा त्यसमा कुनै परिवर्तन गरिरहनु नपर्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०७० साल जेठ ६ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८ सालको स.फौ.पु.नं. ०६७-CR-११४९, वैदेशिक रोजगार ठगी, *जीतबहादुर भोलन वि. नेपाल सरकार*

प्रतिवादी जीतबहादुर भोलनको स्वीकृति प्राप्त संस्था, फार्म वा कुनै कम्पनी अथवा व्यवसाय न भै जाहेरवालालाई वैदेशिक रोजगारमा कतार पठाई दिन्छु भनी झुक्यानमा पारी रकम बुझिलिएको तर जाहेरवालालाई वैदेशिक रोजगारमा पनि नपठाएको र रकम पनि फिर्ता नदिएको अवस्थामा जाहेरवाला अदालतको शरणमा आएको देखिन्छ । जाहेरवाला अदालत प्रवेश गरिसकेपछि मात्र प्रतिवादीले लिनुदिनु गरेको रकम फिर्ता गरेको अवस्था छ । यसरी उक्त व्यवसाय गर्ने प्रमाणपत्र नभएका यी प्रतिवादीले वैदेशिक रोजगारमा पठाइदिन्छु भनी जाहेरवालासँग रकम लिएको र रोजगारमा नपठाएको अवस्थामा वैदेशिक रोजगारसम्बन्धी ठगी गरेको देखिन आयो । यसरी यी प्रतिवादीले वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४ को दफा १० बमोजिमको कसूर गरेको कुरा स्पष्ट हुन आएको अवस्थामा सोही ऐनको दफा ४३ बमोजिम विदेश पठाइसकेको अवस्था नहुँदा आधा सजाय १ (एक) वर्ष ६ (छ) महिना कैद र रू. १,५०,०००।- जरीवाना हुने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति

२०६७।४।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल जेठ ६ गते रोज २ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८ सालको रिट नं. ०६८-WO-०२७३, उत्प्रेषण, *विष्णुबहादुर खत्री वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत*

शिक्षा नियमावली, २०५९ को नियमावलीको नियम १०० को उप-नियम (१) ले गरेको कानूनी व्यवस्था र ज्येष्ठता कायम हुने भन्ने विषय अलगअलग कुरा हो । ज्येष्ठता कायम हुने प्रयोजनका लागि कुनै पनि निर्णय गर्ने निकाय वा पदाधिकारीले पछिल्लो मितिमा निर्णय गरी अघिल्लो मितिबाट ज्येष्ठता कायम हुने व्यवस्था गर्न सक्छ, जसले नोकरी अवधिको गणनामा मुख्य भूमिका खेलेको हुन्छ । तर, तलव भत्ता पाउने भन्ने कुरा नियुक्ति प्राप्त गरी बहाल भएको मितिदेखि मात्र प्राप्त हुने कुरा हो । उल्लिखित शिक्षा नियमावली, २०५९ को नियम १०० को उपनियम (१) को कानूनी व्यवस्थाले समेत सोही कुरा इङ्गित गरेको देखिन्छ भने अर्कोतर्फ निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेको *नेकाप* २०५१, पृष्ठ ४२, नि.नं. ४८५२ को नजीर सम्बन्धमा हेर्दा उक्त नजीरमा उल्लिखित मुद्दाको विषयवस्तु नोकरी अवधि गणना गर्दा जुन मितिदेखि बढुवा हुने भनी अधिकारप्राप्त निकायबाट निर्णय हुन्छ सोही मितिलाई बढुवा भएको मान्न न्यायोचित् र मनासिब हुन आउने भनी उल्लेख भएको पाइएको र प्रस्तुत निवेदनमा नोकरी गणनामा विवाद नभई तलव भत्ता उपलब्ध हुनुपर्ने भन्ने विवाद देखिँदा प्रस्तुत निवेदनमा उल्लिखित नजीर आकर्षित हुनसक्ने अवस्था नदेखिने ।

निवेदकले माग गरेबमोजिम विपक्षी शिक्षक सेवा आयोगको मिति २०६७।१०।२६ को निर्णय र सोसम्बन्धी कामकारवाही तथा जिल्ला शिक्षा कार्यालय, कास्कीको मिति २०६८।३।१७ को पत्रसमेत बदर गर्नुपर्ने अवस्था नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल जेठ २ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. ०६७-WO-०८०२, उत्प्रेषणयुक्त परमादेशसमेत, *चन्द्रसिँह साउद वि. शिक्षा मन्त्रालय, केशरमहल, काठमाडौंसमेत*

निवेदक चन्द्रसिँह साउदले बिदाको अवधि समाप्त भैसकेपछि पुनः बिदा स्वीकृत गराउनु पर्ने वा आफू विद्यालयमा हाजीर हुन नसक्नुको कारणसहितको सूचनासमेत सम्बन्धित विद्यालयलाई उपलब्ध गराउनु पर्नेमा त्यस्तो कुनै किसिमको सूचनासमेत सम्बन्धित निकायमा दिएको देखिँदैन । यसरी विद्यालयले हाजीर नगराई अवकाश भैसकेको जानकारी गराएपछि पुनर्बहाली गराईपाऊँ भनी यी निवेदकले शिक्षा मन्त्रालयलगायतका सम्बद्ध निकायमा निवेदन दिएको र विपक्षी शिक्षा मन्त्रालयबाट शिक्षा ऐन, २०२८ को उपदफा १६(छ) (१) बमोजिम अदालतको आदेश वा फैसलाबाट मात्र पुनर्बहाली हुनसक्ने भनी निज निवेदकलाई जानकारी दिएपछि यी निवेदकले यसै विषयमा पुनरावेदन अदालत, महेन्द्रनगरमा संवत् २०६४ सालको रिट नं. २८ मु. र.नं. १७-०६३-०००८७ मा परमादेशको आदेश जारी गरिपाऊँ भनी निवेदन दर्ता गरी उक्त निवेदन मिति २०६४।७।१४ मा तामेलीमा रहेको कुरा विपक्षीमध्येको जिल्ला शिक्षा

कार्यालय, कञ्चनपुरको आफ्नो लिखित जवाफसाथ पेश गरेको उक्त पुनरावेदन अदालत, महेन्द्रनगरको आदेशबाट देखिएको, तर उक्त निवेदनसम्बन्धमा यी निवेदकले यस अदालतमा प्रस्तुत निवेदन दिँदा कुनै कुरा उल्लेख गरेको देखिएन । यस प्रकार तथ्यलाई नै ढाँटी सत्य साँचो कुरा उल्लेख नै नगरी निवेदक प्रस्तुत रिट निवेदन लिई यस अदालतमा प्रवेश गरेको पाइयो भने अर्कोतर्फ यी निवेदकलाई शिक्षक पदबाट हटाइएको लामो समयपश्चात् विलम्ब गरी निवेदन दिएको अवस्था देखिनुका साथै यी निवेदकले उपर्युक्तबमोजिम अवकाशप्राप्त गरेपश्चात् पाउने सुविधा (जस्तै- उपदान, उपचार खर्च तथा सञ्चित बिदाबापत पाउने रकम) को लागि निज आफैंले विद्यालयको सिफारिशसहित शिक्षा कार्यालयमार्फत् शिक्षक किताबखानाबाट कारवाही गराई मिति २०६४।२।६ मा रकमसमेत भुक्तानी लिइसकेको भन्ने कुरा जिल्ला शिक्षा कार्यालय, जनकपुरको लिखित जवाफ तथा लिखित जवाफसाथ उक्त कार्यालयबाट पेश भएको शिक्षक किताबखानाको च.नं. १७२९, मिति २०६३।१०।३ को पत्रको प्रतिलिपिबाट समेत देखिँदा निवेदकको निवेदन मागबमोजिमको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल जेठ २ गते रोज ५ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६९-WO-०८२०, उत्प्रेषण परमादेश, *भावना भण्डारी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदिकाले स्वास्थ्य सेवा विभागले मिति २०६९।९।१६ मा दिएको जुन पत्र बदर माग गरेको छ सो सरूवा पत्रमा "पद अ.न.मि., तह पाँचौं" भनी उल्लेख गरेको भए पनि निवेदनसाथ पेश भएको सोही विभागले निवेदिकालाई मिति २०६९।९।२९ मा दिएको च.नं. ६९८ को स्तर वृद्धिसम्बन्धी पत्रबाट "अ.न.मी. पदनाम" उल्लेख गरी अधिकृत छैठौं तहमा यी निवेदिकाको स्तरवृद्धि गरिसकेको देखिएकोले निजको पद, सेवा र सुविधामा मिति २०६९।९।१६ को पत्रबाट प्रतिकूल असर परेको नदेखिएकोले अघि एक तहमुनिको पदनाम उल्लेख गरी सरूवा गरिएको पत्रबाट निवेदिकाको संवैधानिक एवं कानूनी हक हनन् भएको भन्न नमिल्ने ।

नेपाल स्वास्थ्य सेवा नियमावली, (तेस्रो संशोधन २०६८) २०५५ को नियम ३१ग. को खण्ड (ग) मा उल्लेख भएको "सम्भव भएसम्म" भन्ने वाक्यांशले पति पत्नीलाई एकै जिल्लामा पर्ने गरी सरूवा गर्नै पर्ने बाध्यात्मक व्यवस्थाको बोध गराउन नसक्ने भएकोले अन्य जिल्लामा गरिएको सरूवा नियमावलीको नियम ३१ग विपरीत सरूवा गरेको भन्न नमिल्ने हुँदा निवेदिकालाई गरेको सरूवामा कुनै कानूनी त्रुटि रहेको नदेखिनुका साथै पेशा, रोजगार गर्न पाउने निवेदिकाको संवैधानिक एवं कानूनी हकमा आघात परेको देखिन नआई प्रथम दृष्टिमा नै रिट जारी हुनसक्ने अवस्था नरहेकोले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल माघ २४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६९-WO-०८२२, उत्प्रेषण परमादेश, *बसनारायण महर्जनसमेत वि. अनीता प्रजापतिसमेत*

आफ्नो नाममा तामेल भएको इतलायनामाबमोजिम प्रतिउत्तर दिने दायित्व र कर्तव्य निज प्रतिवादीको हुन्छ । तर, कानूनको रीतपूर्वक तामेल भएको म्यादभित्र प्रतिउत्तर नदिई हाल सो म्यादको सूचना पाईन भन्ने मात्र कारणबाट अर्को म्याद जारी हुनसक्ने अवस्था नहुने ।

निवेदक प्रतिवादीको नाममा तामेल भएको म्याद रीतपूर्वक तामेल भएको रिट निवेदनसाथ पेश भएको तामेली म्यादको प्रतिलिपिबाट र मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११० नं. को त्रुटि गरी सो म्याद तामेल भएको देखिन नआएकोले काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनसमेतबाट भएका आदेश कानूनअनुरूप नै रहेको हुँदा प्रथमदृष्टिमा नै निवेदकको मागबमोजिमको आदेश जारी हुनसक्ने कानूनी आधार नदेखिएकोले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल माघ २४ गते रोज ४ शुभम् ।

## पुनरालोकन निस्सा

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** निवेदन नं. ०६८-RV-००६४, धर्मलोप, *रेशमान तुलाधरसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधर*

वादीले दावी गरेका जग्गाहरू निजको पुर्ख्यौली निजी गुठीका जग्गा रहेको र सो जग्गाका सम्बन्धमा अंशियारहरूका बीच विभिन्न मुद्दाहरू चलेकोमा ८ भागको १ भाग फिरादीको भागमा कायम हुने र बाँकी ७ भाग प्रतिवादीहरूको कायम हुने गरी वादी र प्रतिवादीहरूका बीच मिति २०५४।१०।१५ मा मिलापत्र भएको तथ्यलाई वादीले स्वीकार गरेको छ । सो मिलापत्रबमोजिम कि.नं. ५९ र ६० का जग्गाको आयस्ताबाट गुठी चलाउने भन्ने भएकोमा प्रतिवादीहरूले आफ्नो भागको जग्गा बिक्री गर्ने उद्देश्यले ग्राहक खोज्दै हिंडेको भनी धर्मलोप ठहर गरिपाऊँ भन्नेसमेत वादीले प्रस्तुत दावी गरेको देखिन्छ । गुठीको जग्गा मास्न नदिन वा हिनामिना गर्न नपाइने भए पनि सो हुन नपाउँदै धर्मलोप गरे भनी वादीको प्रस्तुत फिराद परेको छ । तर, प्रतिवादीहरूले आफ्नो भागको जग्गा बिक्री गर्न मालपोत कार्यालयमा कारवाही चलाएकोमा उक्त कार्यालयबाट जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ११०, १४० र १४१ मा भएको व्यवस्थाबमोजिम अक्षयकोष राखी सोको ब्याजबाट मात्र नित्य पूजाआजा र अन्य काम व्यवहार गर्ने गरी मालपोत विभागको सहमतिअनुसार प्रतिवादीहरूले जग्गा बिक्री गरेको देखिएको र बिक्री भएको जग्गाको रकम बैंकको खातामा अक्षयकोषमा रहेको देखिएको छ । अक्षयकोषको आयस्ताबाट गुठी सञ्चालन हुने अवस्था विद्यमान रहेकोमा यस अदालतको मिति २०६६।१२।१० को फैसलामा वादी दावीभन्दा बाहिर भई धर्मलोप गरेसमेत भनी फैसला भएको देखिएकोले सो फैसलामा *नेकाप* २०६५ अङ्क १२, नि.नं. ८०४७ र नेकाप २०६४ अङ्क १०, नि.नं. ७८८५ मा प्रतिपादित सिद्धान्तको त्रुटि विद्यमान रहेको हुँदा प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ उपदफा (१) को खण्ड (ख) अनुसार पुनरालोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०७० साल असार १४ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- निवेदन नं. ०६८-RV-००६३, लिखत बदर, *रेशमान तुलाधरसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधरसमेत*
- निवेदन नं. ०६८-RV-००६५, लिखत बदर, *रेशमान तुलाधरसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधरसमेत*
- निवेदन नं. ०६८-RV-००६६, लिखत बदर, *रेशमान तुलाधरसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधरसमेत*
- निवेदन नं. ०६८-RV-००६७, दर्ता फारी, *मैखु गुरुङसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधरसमेत*
- निवेदन नं. ०६८-RV-००६८, दर्ता फारी, *पूर्णलाल श्रेष्ठ वि. ज्ञानेन्द्ररत्न तुलाधरसमेत*

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-RE-०१६२(०६९-AP-०४६३) ज्यान मार्ने उद्योग, *शालिकराम जमरकट्टेल वि. रमेश भन्ने तारानिधि पन्त*

यसमा प्रतिवादी रमेश भन्ने तारानिधि पन्तउपर दायर रहेको प्रस्तुत ज्यान मार्ने उद्योग मुद्दामा प्रमाण सम्परीक्षण भैसकेको र मुद्दा छिन्न अंग पुगिसकेको भन्ने विद्वान कानून व्यवसायीहरूको बहस जिकीरसमेत भएकोले यस्तो अवस्थामा अ.बं. १७ नं. को रोहमा थुनछेकको आदेशको रीत वेरीततर्फ विचार गरिरहन परेन। कानूनबमोजिम जे जो बुझ्नुपर्ने हो बुझी मुद्दा किनारा गर्नुपर्ने।

इति संवत् २०७० साल असार २१ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-RE-०१३९(०६९-AP-०४२५), बैकिङ्ग कसूर, *शम्भुप्रसाद के.सी.समेत वि. नेपाल सरकार*

यसमा प्रतिवादी शम्भुबहादुर के.सी. ले अदालतमा बयान गर्दा कसूरजन्य कुरामा इन्कार रहे पनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफूले क्यापिटल मर्चेन्ट बैंङ्गि तथा फाइनान्स लिमिटेडमा आफ्ना नातोदार र विश्वासका मानिसहरू लगी रीना तण्डुकार र मनोज श्रेष्ठको सहयोगमा ऋण लिन लगाएको भन्ने तथ्यलाई स्वीकार गरेको देखिएको, मिति २०६८।७।२ मा कागज गर्दा पनि आरोपित कसूर स्वीकार गरेको, तुलकुमारी धमलासमेतको नेपाल राष्ट्र बैंकमा परेको निवेदन र निजसमेत सम्मिलित नेपाल राष्ट्र बैंकमा भएको मिति २०६८।४।९ को छलफलमा व्यक्त भएको कुरालगायतका तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादीलाई कसूरदार हो भनी विश्वास गर्ने मनासिब आधार भएको र उक्त तत्काल प्राप्त प्रमाणहरू अन्यथा भई नसकेको यस स्थितिमा अ.बं. ११८ का देहाय २ नं. बमोजिम निजलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी मिति २०६९।६।१७ मा भएको आदेश बेरीतबाट भएको नदेखिँदा परिवर्तन गरिरहनु नपर्ने।

अर्का प्रतिवादी विज्ञानप्रसाद पौडेलको हकमा विचार गर्दा निज क्यापिटल मर्चेन्ट बैंङ्गि तथा फाइनान्स लिमिटेडको अध्यक्ष रहेको र निजको कार्यकालमा भएको ऋण प्रवाहमा निजको प्रत्यक्ष संलग्नता रहेको नदेखिई सो फाइनान्स कम्पनीको ऋण कमिटी तथा अन्य कर्मचारीको ऋण प्रवाह गर्ने सम्बन्धमा प्रवन्धकीय नियन्त्रणमा कमजोरी भए पनि निजले आपराधिक मनसायले कुनै काम वा निर्णय गरेको तत्काल प्राप्त प्रमाणबाट देखिन नआएकाले निजलाई अ.बं. ११८ नं.को देहाय २ बमोजिम पुर्पक्षका निमित्त थुनामा राख्ने गरेको मिति २०६९।६।७ को आदेश मिलेको नहुँदा बदर हुने र निजलाई अ.बं. ४७ नं. बमोजिम तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्ने।

इति संवत् २०७० साल असार १२ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-RE-०१३९(०६९-AP-०४२६), बैंकिङ कसूर, *विज्ञानप्रसाद पौडेल वि. नेपाल सरकार*

यसमा प्रतिवादी विज्ञानप्रसाद पौडेल क्यापिटल मर्चेन्ट बैंकिङ्ग तथा फाइनान्स लिमिटेडको अध्यक्ष रहेको र निजको कार्यकालमा भएको ऋण प्रवाहमा निजको प्रत्यक्ष संलग्नता रहेको नदेखिई सो फाइनान्स कम्पनीका ऋण कमिटी तथा अन्य कर्मचारीको ऋण प्रवाह गर्ने सम्बन्धमा प्रवन्धकीय नियन्त्रणमा कमजोरी भए पनि निजको आपराधिक मनसायले कुनै काम वा निर्णय गरेको तत्काल प्राप्त प्रमाणबाट देखिन नआएकाले निजलाई अ.बं. ११८ नं. को देहाय २ बमोजिम पुपक्षका निमित्त थुनामा राख्ने गरेको मिति २०६८।६।५ को आदेश मिलेको नहुँदा बदर गरिदिएको छ। तर, निजको

कार्यकालमा भएको ऋण प्रवाहको दायित्वबाट निज पूर्ण उन्मुक्ति नहुने अवस्था भएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने हुँदा हाल निजबाट रू. २५,००,०००।- (पच्चीस लाख) नगद वा सोबापत जेथा जमानी दिए लिई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्ने ।

इति संवत् २०७० साल असार १२ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RE-०१९९, कीर्ते, *माधवहरि कालिराज वि. मोतीकाजी श्रेष्ठ*

यसमा वादी रहर कामीको मिति २०६७।२।२४ मा मृत्यु भएको कुरामा विवाद नरहेको, मिति २०६७।२।२५ मा मुलतवी रहेको सम्बन्धित कीर्ते मुद्दा मिति २०६७।११।९ मा मुलतवीबाट जागेको र सो सम्बन्धमा वादी रहर कामीको नाउँमा हाजीर हुन आउनु भनी मिति २०६८।९।११ मा म्याद तामेल भएको देखिन्छ । वादी म्यादभित्र हाजीर नभएको कारणले उक्त मुद्दा मिति २०६८।११।११ मा डिसमिस भएको देखिन्छ, सोउपर वादी रहर कामीको दैयादार भन्ने निवेदक माधवहरि कालीराजले सम्बन्धित मुद्दा कारवाहीयुक्त रहेको अवस्थामा सकार गरेको देखिँदैन । सोउपर निजले मिति २०६९।६।२८ गते मात्र पुनरावेदन अदालतसमक्ष पुनरावेदन दर्ता गराउन गएको देखिनाले अ.बं. ६२ नं. एवं ७० नं. समेतको व्यवस्थालाई विचार गरी त्यस पुनरवेदन अदालत, पाटनको उप-रजिष्ट्रारबाट भएको मिति २०६९।६।२८ को दरपीठ आदेश र सो आदेशलाई सदर गरेको मिति २०६९।९।६ को सोही अदालतको आदेश मिलेकै देखिँदा परिवर्तन गरिरहनु नपर्ने ।

इति संवत् २०७० साल असार १४ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RE-०२३३, ठगी, *सोमनाथ खनाल वि. नेपाल सरकार*

यसमा जाहेरवाली नीरा राईको किटानी जाहेरीलाई निवेदक प्रतिवादी सोमनाथ खनाल र सहअभियुक्त पर्शुराम बस्नेतसमेतको अनुसन्धान अधिकारीसमक्ष भएको बयानबाट समर्थित भएको आफूसँगबाट रकम लिने व्यक्ति यिनै प्रतिवादी सोमनाथ खनाल हुन् भनी जाहेरवालीले गरिदिएको सनाखत कागज तथा निवेदक प्रतिवादीले साउदी रियाल ३९०० आफूकहाँबाट साटी लगेको भनी एक्सचेञ्जर हरि घिमिरेले गरिदिएको कागजसमेतका तत्काल प्राप्त प्रमाणका आधारमा निवेदक प्रतिवादी सोमराज खनाललाई थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट भएको आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१२।९ को आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहनु नपर्ने ।

इति संवत् २०७० साल असार १९ गते रोज ४ शुभम् ।

६

**मा.न्या.सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CR-०७०६, कर्तव्य ज्यान, *कुलबहादुर महत वि. नेपाल सरकार*

यसमा साधसोधको लागि पेश भएको प्रस्तुत मुद्दाको मिसिल हेर्दा शुरू संखुवासभा जिल्ला अदालतको फैसलाउपर पुनरावेदन नगर्ने प्रतिवादी डम्बर सिँ विश्वकर्माको हकमा पुनरावेदन अदालत, धनकुटाबाट साधक जाँच नभई यस अदालतबाट निजको हकमा साधक जाँचको रोहबाट विचार गर्न नमिल्ने भएकोले पुनरावेदक प्रतिवादी कुलबहादुर महतले यस अदालतमा दर्ता गरेको पुनरावेदनको लगत कायम राखी निज डम्बर सिँ विश्वकर्माको हकमा अविलम्ब साधक जाँच गरी पठाउनु भनी प्रस्तुत मुद्दाको मिसिल पुनरावेदन अदालत, धनकुटामा पठाई साधक जाँच भई आएपछि नियमानुसार गरी पेश गर्नू ।

इति संवत् २०७० साल जेठ २६ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री प्रा.डा. भरतबहादुर कार्की,** ०६९-RE-०२७५, निषेधाज्ञा, *रामपृत यादव वि. रजनकुमारी भन्ने जानकी दाससमेत*

यसमा पुनरावेदन अदालत, जनकपुरबाट जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिने नदिने सम्बन्धमा भूमिसुधार कार्यालय, धनुषामा कि.नं. १५ को जग्गा बाँडफाँडको लागि दिएको संयुक्त निवेदनउपर निवेदकले सनाखतसमेत गरेको आधारमा उक्त जग्गाधनी निवेदक मोही र प्रत्यर्थी जग्गाधनीबीच बाँडफाँडको निर्णय भैसकेको आधारमा अन्तरिम आदेशलाई निरन्तरता दिइरहनु परेन भनी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।१।३१ मा भएको आदेशमा हाल कुनै परिवर्तन गर्नु नपर्ने ।

इति संवत् २०७० साल असार २१ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री प्रा.डा. भरतबहादुर कार्की,** ०६९-RE-०२७४, मोही नामसारी, *रामपुकारी देवी वि. कौशलकिशोर रायसमेत*

यसमा पुनरावेदक वादीले आफ्नो मोहीयानी हक कायम गरिपाउँ भनी जिकीर लिएको जग्गाधनीलाई प्रतिवादी नै नबनाई भएको निर्णयको विषयमा चुनौती दिई शुरू जिल्ला अदालतमा दर्ता भएको मुद्दाको फैसला भएपछि यो मुद्दा जगाउने गरी अ.बं. १२ नं. बमोजिम मुलतवी राखी दिने पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६८।९।४ मा भएको आदेश रीतपूर्वक नै देखिँदा कुनै परिवर्तन गर्नु नपर्ने ।

इति संवत् २०७० साल असार २१ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री प्रा.डा. भरतबहादुर कार्की,** ०६९-RE-००८०, ठगी, *डाकबहादुर पराजुली वि. नेपाल सरकार*

प्रतिवादीलाई थुनामा राखी पुर्पक्ष गर्ने गरेको ललितपुर जिल्ला अदालतको आदेश र पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।११।२६ मा कानूनबमोजिम गर्नु भन्ने आदेश वेरीतको छ, छैन भनी विचार गर्दा डाकबहादुर, डाकबहादुर र ढकबहादुर एउटै व्यक्ति हो वा फरक व्यक्ति हो भन्ने विषयमा यस अदालतबाट अ.बं. १७ नं. को रोहबाट सबूद प्रमाण बुझी निर्णय गरी मातहतको अदालतमा रहेको विवादमा हस्तक्षेप गर्न नमिल्ने हुँदा त्यहाँबाट प्रतिवादीलाई पुर्पक्षको लागि थुनामा राख्ने गरेको आदेश र सोलाई परिवर्तन नगर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको आदेश रीतपूर्वकको नै देखिँदा कुनै परिवर्तन गर्नु नपर्ने ।

इति संवत् २०७० साल असार २६ गते रोज ४ शुभम् ।

## अन्तरिम आदेश

१

**स.का.मु.प्र.न्या.श्री दामोदरपसाद शर्मा,** ०६९-WO-०१३६७, उत्प्रेषण परमादेश, *उगमी तेलीन वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

निवेदकले अन्तरिम आदेशसमेत जारी गरिपाऊँ भनी माग गरेको सम्बन्धमा विचार गर्दा मिति २०६७।८।२ गते लिलाम हुने कुराको जानकारी सम्बन्धित पक्षलाई गराएको भन्ने नदेखिएको । प्रतिनिधिसमेत रोहवरमा राखेको नदेखिँदा सोको कार्यान्वयन हुन जाँदा निवेदकलाई हुनसक्ने अपूरणीय क्षति तथा सुविधा र सन्तुलनको सिद्धान्तअनुसार हाल उक्त कि.नं. १५९ को ज.वि. ०-११-० जग्गा यथास्थितिमा राख्न लगाउनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार १८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-१३३६, उत्प्रेषण, *घनश्याम डि.सी. वि. शंकर पौडेलसमेत*

प्रस्तुत मुद्दामा अन्तरिम आदेशसमेतको माग रहेकोमा यस अदालतबाट नेकाप २०६७, नि.नं. ८५२८, पृष्ठ २१२९, नि.नं. ८६८१, प्र. १४८४ को मुद्दामा प्रतिपादित सिद्धान्तसमेतको आधारमा विचार गर्दा, प्रस्तुत मुद्दाको फैसला कार्यान्वयनको सन्दर्भमा पुनरावेदन अदालत, तुलसीपुरबाट बिगो भराउने

कार्य अघि नबढाउनु भन्ने मिति २०७०।२।९ मा भएको आदेश कार्यान्वयन नगरी यथास्थितिमा राखी फैसला कार्यान्वयनमा कुनै बाधा अवरोध नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार १६ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-१३४१, उत्प्रेषण, *अब्या खातुन वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

अन्तरिम आदेशसमेतको माग गरेको सम्बन्धमा विचार गर्दा, निवेदकहरू जस्ता सर्वसाधारणहरूको बचत जम्मा गर्ने संस्थामा गरिने हड्ताल, बन्दजस्ता क्रियाकलापहरूबाट निवेदकहरूको आर्थिक कारोवार गर्नेलगायतका संविधानप्रदत्त हक अधिकारहरूमा आघात पुग्न जाने हुँदा, नेपाल राजपत्र भाग ५, मिति २०६९।१२।१९ को राजपत्रमा प्रकाशित नेपाल सरकार, गृह मन्त्रालयको सूचनासमेतलाई मध्येनजर गरी निवेदकहरूको मागबमोजिम निर्धन उत्थान बैंकको शाखा कार्यालयहरूको दैनिक काम कारोवार बन्द नगर्नु, नगराउनु, कार्यालयमा दैनिक काम कारोवार सुचारू रूपमा सञ्चालन गर्न दिनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार १६ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-१३८०, प्रतिषेधसमेत, *अधिवक्ता श्रीप्रसाद पण्डित वि. मन्त्रिपरिषद्का सम्माननीय अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले माग गरेको अन्तरिम आदेश दिनुपर्ने, नपर्ने सम्बन्धमा निवेदनसाथ संलग्न नेपाल भारतमा आलोपालो गरी प्रतिवर्ष आयोजना हुने नेपाल-भारत गृह सचिवस्तरीय बैठक मिति २०७०।२।१८ गते शनिबार काठमाडौंमा सम्पन्न भएको सोही मितिको गृह मन्त्रालयका प्रवक्ता शंकरप्रसाद कोइरालाबाट जारी प्रेस विज्ञप्ति र नेपाल र भारत गृह सचिवस्तरीय संयुक्त Agreed Minutes of the Meeting Between the Home Secretaries of Nepal and India at Kathmandu on June 01, 2013 को मिसिल संलग्न छायाँप्रति र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ को प्रावधानसमेत मध्यनजर गरी हेर्दा निवेदकले उठाएका संवैधानिक प्रश्नहरूको सम्बन्धमा विपक्षीहरूबाट जवाफ प्राप्त भएपछि न्यायिक विश्लेषणपश्चात् रिट निवेदनको अन्तिम आदेश हुँदा बोलिने विषय देखिए पनि यो रिट निवेदनको अन्तिम किनारा नभएसम्म गृहसचिव स्तरीय सम्पन्न Agreed Minutes of the Meeting between the Home Secretaries of Nepal and India at Kathmandu on June 01, 2013 को त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको अध्यागमन प्रणालीलाई आधुनिकीकरण गर्ने बुँदा नं. २१ र लुम्बिनी र पशुपतिनगरमा भारतीय अध्यागमन चेकपोष्ट स्थापना गर्ने विषयमा उल्लिखित बुँदा नं. २५ को सम्बन्धमा कुनै कारवाही नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी आदेश जारी गर्न आवश्यक देखिएकोले विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार २४ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-WO-१३९२, उत्प्रेषण, *तेजनाथ रिमालसमेत वि. जि.वि.स.को कार्यालय, पर्वतसमेत*

अन्तरिम आदेशको मागको सम्बन्धमा विचार गर्दा निवेदनमा उल्लेख भएको पाङ्ग गा.वि.स. वडा नं. १, कि.नं. २३१ को जग्गा निवेदकहरूको नाममा दर्ता भएको देखिएको, उक्त कि.नं. २३१ को जग्गासमेतमा उत्पादित बालुवा, ढुङ्गा र गिट्टीको निकासी करबाहेक बिक्री गर्नका लागि ठेक्का बन्दोबस्त नगर्न, नगराउन पुनरावेदन अदालत, बाग्लुङबाट

निषेधाज्ञाको आदेश जारी भैरहेको अवस्थामा निवेदकलाई हुनसक्ने क्षति तथा सुविधा सन्तुलनसमेतलाई दृष्टिगत गर्दा निवेदन मागबमोजिम निवेदकको नाममा दर्ता रहेको उक्त कि.नं. २३१ को जग्गाबाट ढुङ्गा, बालुवा र गिट्टी निकाल्ने कार्य नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार २७ गते रोज ५ शुभम् ।

६

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९-WO-१३७२, उत्प्रेषण, *इन्द्रप्रसाद वाग्ले वि. गृह मन्त्रालयसमेत*

अन्तरिम आदेशको माग रहेतर्फ विचार गर्दा शुलभ वाग्लेले मिति २०६९।१२।२६ मा लिएको नागरिकताको आधारमा यी निवेदकउपर काठमाडौं जिल्ला अदालतमा दिएको अंश मुद्दामा सम्पत्तिसम्बन्धी हकमा प्रतिकूल असर पुग्ने गरी कार्य हुन पुगेमा यी निवेदकलाई अपूरणीय क्षति पुग्न जाने हुँदा रिट निवेदनको अन्तिम निर्णय नहुञ्जेलसम्म सुविधा सन्तुलनको दृष्टिकोणबाट मिति २०६९।१२।२६ को विवादित नागरिकताको आधारमा निवेदक विरूद्ध कुनै काम नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार २३ गते रोज १ शुभम् ।

६

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-१३७३, उत्प्रेषण, *गौरीशंकर चौधरी वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत*

अन्तरिम आदेशको माग रहेतर्फ विचार गर्दा, नेपाल सरकारको (मन्त्रीस्तर) मिति २०६८।७।२५ को निर्णयबमोजिम मिति २०६८।७।२७ को पत्रबाट यी निवेदक गौरीशंकर चौधरीलाई नेपाल खाद्य संस्थान सञ्चालक समितिको सदस्य पदमा बढीमा दुई वर्षको लागि नियुक्ति गरेकोमा निजको कार्यकाल मिति २०७०।७।२४ मा पूरा हुनुपर्नेमा सो अवधि पूरा नहुँदै मिति २०७०।३।१३ को निर्णयअनुसार मिति २०७०।३।१४ को पत्रबाट उक्त सदस्य पदबाट अवकाश दिँदा निजलाई उचित सुनुवाइको मौकासमेत प्रदान नगरी कार्यकाल बाँकी रहँदैका अवस्थामा अवकाश दिने प्रत्यर्थीको निर्णय कानूनसम्मत् नदेखिनुको अतिरिक्त सर्वोच्च अदालतबाट ०६८-WO-०५९९ को रिट निवेदनमा मिति २०६८।१२।१७ मा प्रतिपादित सिद्धान्तविपरीत हुँदा निवेदकलाई अवकाश दिने गरी मन्त्रीस्तरबाट भएको मिति २०७०।३।१३ को निर्णय तथा सोबमोजिमको २०७०।३।१४ को पत्र कार्यान्वयन भएमा निज निवेदकलाई अपूरणीय क्षति पुग्नसक्ने भएकोले सो निर्णय तथा पत्र यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगरी निजलाई पूर्ववत् पदमा कामकाज गर्न दिनु, दिलाउनु भनी प्रत्यर्थीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार २३ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६९-WO-१३७४, उत्प्रेषण, *रामसमज राना वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

७

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WS-००८२, उत्प्रेषण, *विष्णुलक्ष्मी मारिखुसमेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत*

अन्तरिम आदेश माग रहेतर्फ विचार गर्दा, अदालतबाट तहतह भएका फैसलाहरूको प्रतिकूल हुने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६८।१।१६ मा भएको निर्णय तथा गुठी संस्थान सञ्चालक समितिको मिति २०६८।५।१६ को निर्देशनको आधारमा गुठी प्रशासकबाट मिति २०६८।७।३० मा भएको निर्णय कार्यान्वयन हुन पुगेमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने हुँदा सुविधा सन्तुलनको दृष्टिकोणबाट यस रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त मितिका निर्णय तथा निर्देशन कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी प्रत्यर्थीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार २३ गते रोज १ शुभम् ।